मोलप ६, नं.२
जुन, १९७९

# वफाङ० जिल्लाका वाह्र अभिलेखहरू

राजा राम सुवेदी[१]

## भूमिका

यस लेखमा संकलित वाह्र ताम्रपत्रहरू र कागजहरू मैले वफाङ० जिल्लावाट संकलन गरेको हुँ[१]। धेरै कारणहरूले यी प्रतिलिपिहरूलाई सक्कलसंग भिडाउन सकिन; त्यसैले कहीं कहीं पाठ अस्पष्ट छ र छुटेको पनि छ । यसलाई 'दशरा मसरा' को रूपमा मात्र भए पनि पाठकको समक्ष राखीहालु भनी यिनलाई प्रस्तुत गरेको छु । भूलहरू अवश्य होलान् त्यसको लागि विद्वान्हरूसंग क्षमा प्रार्थना गर्छु ।

कर्णाली प्रदेश जुम्लाको इतिहास गहन छ । जुम्लाका मल्ल राजाहरूले आफ्नो राज्यको विस्तार निकै गरेका थिए । यो राज्य पूर्वमा नेपाल उपत्यका, पश्चिम, कुमाउ सम्म, उत्तरमा भोटको प्रदेश गुंगेसम्म, दक्षिणमा तराइ सम्म फैलिएको थियो[२]। यस वंशका पहिला राजा नागराज पछि क्रमश: चाप, चापिल्ल क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोक चल्ल, जितारि मल्ल, आदित्य मल्ल भएको कुरा दुल्लुस्थित पृथ्वीमल्लको स्तंभ लेखले वताएको छ[३]। पृथ्वी मल्ल पछि उनका छोरा अभयमल्ल[४] राजा भएका थिए । जुम्लीराजा नागराजको उदय विक्रमीय संवत्को वाह्रौं शताव्दीको सुरुतिर भएको पाइन्छ । यस वंशका अन्तिम राजा अभयमल्लको राज्यकाल शाके १३१३ अर्थात् वि.सं. १४४८ संम रहेको पाइन्छ । यसर्थ नागराजवाट उठान भएको सिंजाली मल्ल राजवंशले करीव चार शताव्दी जति जुम्लावाट शासन गरेको पाइएको छ । यस समय भित्र जुम्ली राजाहरूले आफ्नो शक्ति मजवूत वनाइरहेको हुंदा यस वंशको पतन भएको थिएन । तर जव अभयमल्लको शासनकाल शुरू भयो; विस्तार विस्तार स्थानीय सामन्तहरू पनि स्वतंत्र हुंदै गएका हुनाले वाइसे राज्यहरूको उत्पत्ति भयो । राजा अभयमल्ल आफ्नो पिताका पालामा सेती नदीका किनारमा उदम्वरीपुरी (डुम्राकोट-डोटी) मा अधिराज भएर वसेका थिए[५] । अभयमल्ल केन्द्रीय सिंजावाट राज्य गर्दथे र उदम्वरीपुरीलाई पनि केन्द्र बनाएको पाउंछौं । नागराजदेखि चल्दै आएको राजपरंपरा अभयमल्लपछि टुट्यो । अनि अर्कै व्यवस्था देखाप-यो[६] ।

जुम्ली राजा अभयमल्लपछि विशाल जुम्ला राज्यको पतन भयो[७] । अनि साना साना खालका टाकुरे राजाहरूले आफ्ना आफ्ना प्रशस्तिहरूमा आफूहरूलाई जे जति माथि पु-याएर महाप्रतापी र शक्तिशाली घोषणा गरे तापनि यिनीहरू आफ्नो आफ्नो सीमित राज्यक्षेत्रमै स्वाधीन भएर वस्न थाले । अथवा एकले अर्कासंग राजनैतिक खिचोला भिकी लडन्त भिडन्त गरेर आफ्नो आफ्नो अस्तित्वको जगेर्ना गरी बस्न थाले । यी सबका फलस्वरूप विशाल मल्लराज्यका हाँगाबिंगाहरू छिनालिंदै गए र वाइसे राज्यहरू यत्र तत्र देखापर्दै आए[८]। त्यसै समयमा स्वतंत्र भएको एउटा राज्य वफाङ० पनि हो ।

---

[१]श्री राजाराम सुवेदीले आधुनिक इतिहासमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गर्नु भएको छ ।

जुम्ली मल्ल राजाहरूको शक्ति पतन भएपछि तत्काले डोटेली राजाहरूको साम्राज्य विस्तार भयो । यिनीहरू पनि मल्लवंशका थिए तर जुम्लाका मल्लहरूसंगको हांगो भने थिएन । यिनीहरूलाई रैंका मल्ल राजा पनि भनिन्छ । डोटेली मल्लवंशका पराक्रमी राजा नागमल्ल थिए । त्यस समय वफाङ० पनि डोटेली राज्यकै अन्तर्गत परेको पाइन्छ । वफाङ० जिल्लाको पुरानो इतिहास आजसम्म अस्पष्ट रहेको छ । त्यस भेकको विषयमा कलम उठाउने योगी नरहरिनाथले केवल वफाङ०ी राजाहरूको वंशावली मात्र प्रकाशित गर्नु भएको छ[९]। तर वंशावलीको कुरा मात्रै प्रामाणिक आधार हुन सक्दैन । हुनत लोक साहित्य र जनश्रुतिहरू इतिहास स्रोत होइनन् भन्न खोजिएको होइन । तर शिलालेख, ताम्रपत्राभिलेख र अन्य भग्नावशेषहरूलाई पन्छाएर लोकोक्तिका आधारमा मात्रै प्रामाणिक इतिहास बन्न सक्दैन ।

वफाङ० राज्यको इतिहासको यथार्थ छानवीन गर्न खोज्नेले त्यसभेकका ताम्रपत्रहरू र अभिलेखहरूको अध्ययन र संकलन गर्न आवश्यक पर्दछ । ताम्रपत्रहरू र अन्य सामाग्रीहरू साथै त्यससंबन्धमा टिपोट गरिएका पाण्डुलिपि वंशावलीहरूवाट[१०] पनि त्यहांको इतिहासमा प्रकाश पार्न केही थप मद्दत लिन सकिन्छ र वंशावलीको उपयोग यस लेखमा यसै प्रयोजनका निमित्त गरिने छ ।

वफाङ०ी भेकमा पाइएका ऐतिहासिक सामाग्रीवाट त्यस क्षेत्रका रजौटाहरूको गौरब ठूलो थियो भन्ने कुरा पनि सावित हुन्छ । उनीहरू पहिले देखिनै केही मात्रामा शक्तिशाली रहेछन् भन्ने कुरा पनि यी प्रमाणाहरूवाट सिद्ध गर्न सकिन्छ । नेपालको एकीकरणापूर्वसंम वफाङ० क्षेत्रका जनता तिव्वतको ऊन र नून, भारतको कपडा र गुडले पालिएका थिए । खाने पैदावार भने आफैले उब्जाउंथे । अल्लो र गांजाका डांठवाट रेसा झिकी भांग्रो बुनी आङ० ढाक्तथे । यी उद्योग घरेलु रूपमा अफ देखिन्छन् । त्यो व्यवसाय आजभोलि पनि त्यहां जीवित छ तर ऊनको अभावले सिपालु मानिस पनि बेकार बन्न पुगेका छन् ।

वफाङी भेकका मानिसहरूसंग पाइएका कुनै पनि वंशावलीमा संवत्को कीटान गरिएको छैन । वरू मनगडन्ते र गफमा सुनेका कुरा टिपी इतिहास वनाउने प्रयास गर्न खोजिएको छ । त्यत्तिपनि प्रकाश हुन सकेको छैन । त्यस्तो एउटा पाण्डुलिपि वफाङ० मौलालीका भवकेशर जोशीले तयार पारेका छन् । योगी नरहरिनाथले पनि वफाङ०ी वंशावली प्रकाशन गर्नु भएको छ तर अपूर्ण र संवत्को कीटानमा तथ्यता छैन । फेरि उहाले वि.सं. १३६५ का घटनाहरू उल्लेख गर्ने चेष्टा गर्नु भएको छ । जुन समयमा वफाङ० राज्य जुम्ली राजाहरूको अधीनमा थियो । तर केही हदसंम स्थानीय सामन्तहरू स्वतंत्र भएका प्रमाणाहरू पनि भेटिन आएका छन् ।

यस निबन्धमा संकलन गरिएका ताम्रपत्रहरूमध्ये सबभन्दा पुरानो शाके १२९४ को हुन आएको छ । जुन ताम्रपत्र फाल्गुन महीना बृहस्पति वारमा राजाधिराज परमेश्वर, परमस्तहार, परममहेश्वर, परमगुरू श्रीवालराज कुम्भकर्ण वंशवाट प्रादुर्भाव भएका हरिब्रह्म कुवरको

नाम उल्लेख छ । ताम्रपत्रमा संस्कृतका श्लोकहरूको पनि उल्लेख गरिएका छन् । शाके १२६४ को कालसंम वफाङ०मा सिंजाली राजाहरूको शक्ति अझै मजबूत भएको वुझिन्छ । तर यस अभिलेखमा जुम्ली राजाहरूको कुनै उल्लेख देखिन आएको छैन । ताम्रपत्रमा राजा हरिब्रह्म कुवरको नाम मात्र उल्लेख छ । यसबाट यी हरिब्रह्म वफाङ०का स्थानीय बलिया शासक रहेछन् भन्ने कुरा देखिन आउंछ । यस नामानुसार मिल्ने नाम वफाङ०गी वंशावलीमा भने पाइंदैन । तर वंशावली नं.(क) को क्रम १० मा र नं.(ख) को ३२ मा राजा नुरिबम्म वा नरिबम्मको नाम उल्लेख हुंदा मैले ताम्रपत्र यिनै राजाले गरिदिएको हो कि भन्ने अडकल काटेको छु, अर्थात् ताम्रपत्रका हरिब्रह्म सायद वंशावली (क) मा उल्लेखित नरिब्रह्म हुन सक्छन् भनी ठान्दछु । सिंजाली राजाहरूको वंशमा पनि राजा हरिब्रह्म कुवरको नाम उल्लेख छैन । अत: यी सिंजाली राजा हुन निश्चितै सक्दैनन् ।

यो ताम्रपत्र पाउने विर्शिन्ध जोशीले राजालाई चाकडी गरी दान पाएको कुरा थाहा हुन्छ । राजाको दरबारमा ज्योतिषको काम गर्नेलाई राजाले 'जोशी' पद दिएकाले अरू विभिन्न थरका ब्राह्मणहरूले पनि आफूलाई जोशी लेख्न र भन्न थालेको हुनुपर्छ । ताम्रपत्रमा दाता हरिब्रह्म कुवरलाई कुम्भकर्ण वंशवाट उत्पत्ति भएका भनिएको छ । कुवरको तात्कालिक अर्थ राजकुमार हो कि राजा हो त्यति स्पष्ट हुंदैन । तर यस अभिलेखमा राजाको प्रशस्ति पछि उनै हरिब्रह्मको नाम उल्लेख भएकोले उनी त्यसवेलाका वफाङी शासकै रहेछन् भनी अडकल गर्न सकिन्छ । अत: यस अभिलेखले वफाङ० केही हदसंम मल्ल राज्यवाट स्वतंत्र हुन खोजेको आभास पाइन्छ । तर यतिन्जेल जुम्ला मल्ल राज्यको पतन भइसकेको थिएन । अभयमल्ल अझै शासन गर्दै थिए ।

अब प्रश्न उठन सक्छ; कसरी अर्धस्वतंत्र राजा हरि ब्रह्मले आफूलाई यसरी लामो प्रशस्ति वनाएर विभूषित गराउन सके त ? हुन सक्छ जुम्ला राज्यको पतनको केही अगाडि देखिनै सामन्तहरू आफ्नो स्वतंत्रता प्रकट गर्न अभ्यस्त भइसकेका थिए वा स्वतंत्र वन्ने यत्न गर्दै थिए ।

वफाङ०को स्थानीय लोकइतिहासअनुसार राजा नरिवम्म सिंजा गढमा लडाई गर्न जांदा जुम्ली राजासंग लडाई प-यो । त्सै अवसरमा जुम्ली राजा मोतीमल्लले काटेर मारे । नरिवम्मका जेठा छोरा राजवम्मले वावुको वदला लिने चेष्टा गर्दै थिए । काल क्रमवश मोतीमल्ल वफाङ० फोता ढाडपिपल भन्ने ठाउंमा कर उठाउन आउंदा राजवम्मल काटेर मारिदिए । त्यसपछि वफाङ० स्वतंत्र भयो भनिन्छ । तर यस लोकइतिहासलाई प्रामाणिकता दिन अहिले सकिंदैन ।

यस संकलनको दास्रो क्रममा पर्न आउने ताम्रपत्र शाके १२६६ को हो । यस ताम्रपत्रको अन्त्य वायांपट्टि 'उधार शाके १३१३ जसब्रह्म शुभम्' भनी कुदिएको छ । जुम्ली राजा अभय-

मल्लको शाके १३१३ को अर्को ताम्रपत्र पनि पाइएको छ[११] । यो ताम्रपत्र पनि अभयमल्लकै हो । राजा अभयमल्ल जुम्लाका अन्तिम मल्ल राजा हुन् । तर मल्लवंशको पतन पूर्वनै वफाड० स्वतंत्र हुँदै आएको कुरा माथि पनि बताइयो । त्यस समयका शासकहरू धार्मिक स्वभावका हुँदा र दान गर्ने लामो परंपरा हुनाले विशेष पर्वहरूमा जस्तै: सूर्यग्रहण, चन्द्रग्रहण आदिमा ब्राह्मणहरूलाई ताम्रपत्र लेखन लगाई भूमिदान गर्ने र कर माफ गर्ने गरेको पाइन्छ ।

यो ताम्रपत्र १२९९ शाकेको हो भन्ने त स्पष्ट भयो । तर त्यसमा नै शाके १३१३ लेखी पुन: उधार गर्ने राजा जसब्रह्म को होलान् त भन्ने प्रश्न उठतछ । यिनको नाउं वफाड०ी वंशावलीमा स्पष्टसंग मिल्दैन तापनि वंशावली नं.(क) को क्रम ६ र नं.(ख) को क्रम २६ मा दिइएको जसैवम्मसंग मिल्न आउंछ ।

यस ताम्रपत्रमा संकल्प हाली दिएको वृत्तिमा कुनै पनि कर दण्ड, कुण्ड, दोष, मड, अपुताली, पोटलो, पिठायो, फप्या, गुप्या जारी चोरी जस्ता करहरूको माफ गरिएको छ । यसमा साक्षीहरू रत्नत्रय, सूर्यचन्द्र, वुद्ध बौद्ध भनी उल्लेख गरिएको छ । रत्नत्रयको अर्थ वुद्ध दर्शनका तीनवटा बहुमूल्य मन्त्रहरू भन्ने संकेत पाइन्छ । ती हुन्, वुद्धम् शरणम्, संघम् शरणम्, धर्मम् शरणम् । धनवज्र वज्राचार्यले रत्नत्रयको यही अर्थ लगाउनु भएको छ[१२] । यसबाट मल्ल राजाहरूले वुद्ध धर्मलाई श्रद्धाको दृष्टिले हेरी ती वुद्धधर्मका आदर्शहरूलाई राम्ररी मान्यता गरेको कुरा थाहा पाइन्छ । हिन्दूधर्म मान्ने हुनाले संस्कृतका नीति श्लोकहरू र सूर्यचन्द्र साक्षी त राखिन्थ्यो नै ।

यस संकलनको तेस्रो क्रममा राजा अभयमल्लको शाके १२९९ फाल्गुन वदि ११ सोमवार-को ताम्रपत्र अभिलेख प्रस्तुत छ । यस ताम्रपत्रमा स्थानीय सामन्तको नाम दिइएको छैन । यसमा लामो प्रशस्ति लेखिएको छ । जसको भाव यस्तो हुन्छ :

ॐ स्वस्ति । संपूर्ण पृथ्वीको भारहरण गर्नसक्ने धैर्यवान्, कीर्तिवान्, हिमाली हांस भैं सेतो मोहडा भएका, सेतीनदीको किनारमा पर्ने सेगु प्रदेशमा विराजमान हुने, अतुलशक्ति-शाली, पृथ्वीको भार बोक्न सक्ने, कृष्णाजी जस्तै गोवर्धन पर्वत धारणगर्न सक्ने, विभिन्न सामन्तहरूका मण्डलले केन्द्रित गरिएका कमल केसर जस्ता अभयमल्लका संपूर्ण परिवारको चिरायु होस्, इत्यादि ।

माथि क्रम २ मा बयान गरिएको ताम्रपत्र पनि अभयमल्लको नै हो । तर यसमा र त्यसमा छाप बेग्ला बेग्लै छन् । राजा अभयमल्लको राजधानी उदम्बरीपुरी थियो भन्ने कुरा माथि भनियो र अरू उनको समयका ताम्रपत्रहरूमा उल्लेख छ । तर यस ताम्रपत्रमा `सैगुड प्रदेशे` भनिएकोबाट केही संशय पैदा भएको छ । पूर्ण प्रकाश नेपाल `यात्रीले` यसलाई `सेगुपुरी` भन्नु भएको छ[१३] । तर यो ठाउं कहां पर्छ भन्ने कुरा कुनै सूत्रबाट पनि थाहा हुन सकेको छैन । यही ठाउं तत्कालीन अभयमल्लको राज्यको राजधानी भएको थाहा हुन्छ ।

वफाङ०मा पाइएको अर्को ताम्रपत्र शाके १३१२ को हो । यसमा राजा उदयसिंहको नाम उल्लेख छ । यो ताम्रपत्र पाउने राउदु भण्डारी हुन् । उनलाई श्रीराजाधिराज उदयसिंहले भूमिदान दिएको कुराको उल्लेख नभई केवल कर माफ गरेको कुरा उल्लेख छ । त्यसको साथै निजलाई रजवारी पनि दिएको कुरा थाहा पाइन्छ । रजवारी पद वडो महत्वपूर्ण पद हो । यो पद राजाले आफ्ना भाइ भैयादहरूलाई मात्र दिइन्थ्यो । तर यहां भण्डारीले पनि रजवारी पाएको उल्लेख छ । रजवारले कुनै निश्चित ठाउं दरा, गर्खा, वा गाउंको नाइके वा राजा पछिको अधिकारी भन्ने वुफाउंछ । रजवारले आफ्नो आधिपत्य क्षेत्र भित्रका रैतीको दण्ड, कुण्ड जस्ता छुटीसैकर उठाउने र राजालाई दाखेल गर्ने गर्दथे । रजवारको क्षेत्रभित्र परेका अपुतालीमा उसको हक लाग्दथ्यो । यस्तो संपत्तिको हकदार नभएको खण्डमा मात्र रजवारले राजाको नाउंवाट उपभोग गर्दथ्यो ।

राजा उदयसिंह वफाङ०ी रावंशमा नभएर थलहराको राजवंशमा भएको कुरा त्यहांको वंशावलीवाट थाहा पाइन्छ । वंशावली (ङ०) को क्रम ७ मा राजा उदयसिंहको नाम छ । यो ताम्रपत्र शाके १३१२ को भएकोले तत्कालीन थलहराका राजाको पत्ता नलागेकोले केवल शंकामात्र उठाएको हुं । समय गणना गर्दा यो ताम्रपत्र थलाहारी राजा उदयसिंह भन्दा धेरै अगाडिको हुन आउंछ । केवल नाममात्र मिल्ने हुंदा यहां फल्काइएको मात्र हो । वफाङ०ी राजा मलैवम्म (वंशावली (ख) को क्रम ३४) का छोरा कान्छा छोरा जगतिसिंहले (वंशावली (ङ०) को १) थलहारी राजा मोटु खड्कालाई मारी राजा भएको कुरा उल्लेख भइ-सकेको छ । यस विषयमा खोजन वांकीनै छ । अनुकूल वातावरण भएमा म पुनः वफाङ० पुगी निक्योल् गर्ला भन्ने ठानेको छु । फेरि यस ताम्रपत्रको अन्तिम पंक्ति पनि स्पष्ट नहुनाले राम्रो अर्थ लगाउन सकिएको छैन ।

त्यस्तै अर्को ताम्रपत्र शाके १३३६ को पाइएको छ । यो ताम्रपत्रको अन्त्यमा राजा रिपुमल्लको छाप छ तर ताम्रपत्रको वर्णनमा `... अयेत्यादि विरजावलि विराजमान श्री शक्तिव्रह्म नरेद्रेण दत्त जिवल...` भनी वर्णन गरिएकोवाट पनि केही शंका उत्पत्ति भएको छ । वफाङ०ी राजाहरूको वंशावली (क) को क्रम १३ र (ख) को क्रम ३५ मा राजा शक्तिवम्म (सिंहको) नाम उल्लेख छ । वंशावलीका अनुसार पहिलेका राजाहरूलाई राना, त्यसपछिकालाई `फता` फत्तापछि `राय` त्यसपछि `वम्म` र अन्त्यमा उनीहरूलाई `सिंह` भन्न थालिएको पाइन्छ । वफाङ० तिर हालपनि वम्म भन्ने ठकुरीहरू छन्; जसको गोत्र सिंहसंग मिल्छ । तर विवाह लेनदेन चलाएको पाइन्छ । यस ताम्रपत्रमा उल्लिखित राजा शक्तिव्रह्म भन्ने वंशावलीका शक्ति सिंहसंग मिल्ने हुंदा उनै रहेछन् कि भन्ने अनुमान गरेको छु ।

यस ताम्रपत्रमा राजा शक्तिव्रह्मको नाम उल्लेख भए तापनि यसको अन्त्यमा रिपुमल्लको छाप छ । समयको गणना गर्दा शाके १३१३ पश्चात् सिंजाली राजाहरूको राज्य टुक्रिइ

सकेको र साना तिना बाइसे चौबिसे राज्यहरूको उत्पत्ति भएको थाहा पाइन्छ । त्यसैले
यसै ताम्रपत्रका रिपुमल्ल जुम्लाका राजा अवश्य होइनन् भन्ने प्रमाणित हुन्छ । जुम्ली राजा
रिपुमल्लको समय शाके १२०१ पौष वदि ५ को ताम्रपत्र अनुसार र शाके १२३४ को ताम्रपत्र
अनुसार[१४] यस ताम्रपत्रका रिपुमल्ल भन्दा सयवर्ष भन्दा अगाडिको हुन आउँछ । यस प्रसङ्ग-
मा अर्को एउटा रिपुमल्लको उल्लेख भएको पश्चिम त्रिशुली नुवाकोटको नारायण मन्दिरमा
स्थित वि.सं. १४९८ (शाके १३६३) को दीपिका (पानस विशेष) मा उत्कीर्ण अभिलेख
छ[१५]। त्यसका साथै डोटीको वंशावली र ताम्रपत्रहरूको अध्ययनबाट पनि एउटा रिपुमल्लको
शाके १३३४ को ताम्रपत्र फेला परेको छ । हाम्रो यस संकलनमा रिपुमल्लको समय डोटीको
ताम्रपत्र र वंशावलीका रिपुमल्ल संगसंगै पर्न आउंदछ । अत: यी अवश्यै डोटीका राजा रिपु-
मल्ल हुन् भन्ने ठहरिन आउँछ । नुवाकोटका रिपुमल्ल पनि यिनै डोटेली रिपुमल्ल हुनुपर्दछ ।

धनवज्र वज्राचार्यज्यूले वर्णन गर्नु भए अनुसार रिपुमल्लको राज्य पूर्वमा नुवाकोटसंम फै-
लिएको थियो । यसबाट के थाहा हुन्छ भने सिंजाली राजाहरूको विशाल राज्यको पतन
भएपछि डोट्याली मल्ल राजाहरू शक्तिशाली भएर निस्किएका थिए र त्यसवेला बफाङ०
समेत आफ्नो कब्जामा पारेका रहेछन् भन्ने कुरा यो शाके १३२८ को ताम्रपत्रबाट अडकल गर्न
सकिन्छ । त्यसवेला बफाङ०मा शक्तिब्रह्म राजा भएको कुरा अन्य ताम्रपत्रबाट र बफाङ०ी
वंशावलीबाट थाहा हुन आउँछ ।

डोटेली रैंका राजाहरूको पनि लामो वंशावली फेला परेको छ । यो मल्ल राजवंशका
प्रथम राजा वैवस्वत राजा भनी लेखिएको छ । देवकान्त पन्तको डोटेली इतिहासको खण्डमा
राजा रिपुमल्ल पछि कल्याण मल्लको नाम उल्लेखित छ[१६]। तर मसंग भएको वंशावलीमा[१७]
केही फरक देखिन आएको छ ।

यस वंशावलीको १०१ औं पुस्ताको नाम खाली छाडी १०२ औं संख्यामा राजा कल्या-
णी मल्लको नाम उल्लेख छ ।

यो शाके १३३६ को ताम्रपत्र बफाङ०ीराजा शक्तिब्रह्म (बम्म) ले डोटीकाराजा रिपु-
मल्लको अधीनमा रही गरी दिएका हुन् । ताम्रपत्रमा उल्लेखित दान पाउने सागर जोशीलाई
चन्द्रग्रहणमा खेत दान गरेको कुरा... शक्तिब्रह्मनरेन्द्रेण दत्त जीवल...' भन्ने वाक्यांशबाट
थाहा पाउन सकिन्छ । किनभने आजसम्म पनि बफाङ०ी स्थानीय भाषामा जलखेती गरिने
जमीनलाई जिउलो वा ज्यूलो भन्ने चलन छ । राजा धर्मात्मा (विचारका) हुनाले चन्द्रग्रहण-
मा तारका शान्ति गरी दान दिएको थाहा पाइन्छ ।

यस ताम्रपत्रको १३ पंक्तिमा 'छत्तिसैकर छाडि था लगछु...' भनिएकोबाट बफाङ०मा
पनि त्यस समयमा रैतीलाई सुदूर पश्चिम नेपालमा सर्वत्र चलेको ३६ कर लगाईंदो रहेछ भन्ने
कुरा बुझिन्छ । ताम्रपत्र दान पाउने व्यक्तिलाई भने यस्तो ३६ कर माफ गरिने चलन

थियो । ३६ करमा धेरै प्रकारका कर हुन्थे । जुन कर वफाड०मा धेरै पछिसंम प्रचलित भइ-रहेको थियो [१८]।

त्यस्तै अर्को ताम्रपत्र पनि शाके १३६८ को छ । यसको पुछारमा राजा कल्याण मल्लको छाप छ । तर ताम्रपत्रमा राजाको प्रशस्ति तथा नाम भने अर्कै व्यक्तिको छ । त्यसैले यो ताम्रपत्रले पनि रिपुमल्लको जस्तै भ्रम पार्न सक्ने थियो होला । किनभने जुम्लीराजा आदित्य-मल्लका छोरा पनि कल्याण मल्ल हुन् । तर यिनको समय यी कल्याण मल्लको भन्दा ठीक सय वर्ष अघिको थियो । वफाड० कल्याण मल्लको समयसम्म पनि डोटीको अधीनमा थियो भन्ने कुरा यस ताम्रपत्रवाट स्पष्ट देखिन्छ[१९]। अव प्रश्न उठन सक्छ कि वफाड० त जुम्ली-राजाहरूको अधीनमा थियो, डोटेली राजाहरूको अधीनमा कसरी पुग्यो त? शाके १३०६ मा डोटेली राजा नागमल्लको शक्ति निकै वढेको हुनाले उनले वफाङ्०लाई पनि आफ्नो अधीनमा लिए होलान् । डोटेली मल्ल जुम्लावाट नआइ कुमाउ तर्फवाट आएका भनी डोटेली मल्ललाई जुम्लासंग संबन्ध नभएका भनी देवकान्त पन्तले भन्नु भएको छ[२०]। मसंग भएको डोटेली वंशावली-मा भने 'रैका राजा सूर्यवंशी हुन्, पहिले उनीहरू अयोध्यावाट डडेलधुराको अजमेरमा वसे । अजमेरवाट नागमल्ल राजाले डोटी दीपायलमा राजधानी वनाएका हुन्' भन्ने कुरा उल्लेख छ ।

राजा कल्याण मल्लको छाप भएको यस शाके १३६८ को ताम्रपत्र वमोजिमको दान वफाड०ी राजा शक्ति व्रह्मले दिएको कुरा प्रशस्तिवाट पनि थाहा पाइन्छ । जस्तै '... स्वस्ति श्री महेश्वरस्य शुरशिषारी प्रत्यर्ति: प्रभूता: विराजमान सपादलक्षिण: आर्यविपदा-धीश्वर समिदोराजधान्यां श्रीमत्यां वफाइहनगर्याम् श्री शक्तिव्रह्म राये...' भन्ने पंक्तिवाट राजा शक्तिव्रह्म भएको कुरा निर्विवाद छ ।

वफाड०को शाके १३४० को वि.सं.१४७५ चैत्र महीनाको अर्को ताम्रपत्र प्राप्त भएको छ । यसमा परैबम्म सिरवम्म र संसारवम्म राउलोको नाम कुंदिएको छ । यस ताम्रपत्रमा उल्लेखित व्यक्ति राजा नभई शायद रजवार थिए कि भने जस्तो मलाई लाग्दछ । वफाड० राज्य पनि शायद धेरै चिराहरूमा विभाजित थियो, जस्तै; सूर्ना, धुली, वफाड०, थलहरा, देउली, कांडा, कुण्ड, कोल्टी, थली इत्यादि । यस ताम्रपत्रमा उल्लेखित राजा श्रीवम्म (शिरबम्म) वफाड०ी सून्याल वंशका भएको कुरा वंशावली (ग) को क्रम १ वाट थाहा हुन्छ । त्यस-कारण राजा शिरवम्म ताम्रपत्रका र वंशावलीका श्रीवम्म एउटै व्यक्ति हुन सक्छन् । वफा-ड०ी वंशावलीमा त राजा श्रीवम्मलाई दाड० तुल्सीपुरका राजा हुन गए भनी वर्णन गरिएको छ । यस ताम्रपत्रका अन्य दुइजना वम्महरू को हुन् भन्ने कुराको प्रसंग आउंछ । वफाड०ी राजा-को हांगो सून्याल वंशावली (ग) मा पनि उल्लेख छैन । तर मल्लैवम्मको नाम भने वंशावली (ख) को ३४ क्रम उल्लेख छ । उनी राजवम्मका छोरा भएको वंशावलीद्वारा वुझिन्छ । तर संसारसवम्म को हुन् त्यो कुरा थाहा हुन सकेको छैन ।

यस ताम्रपत्रको मध्यभागको केही पाठको अर्थ स्पष्ट हुँदैन । यसको अन्त्यको पंक्तिमा '... वेजतिया ब्राह्मणको पन दौ धन नवाहा'... भन्ने वाक्यांश पाइन्छ । यसको आशय दान पाउने ब्राह्मणका सन्तान वा हकवाला पनि नभएको खण्डमा राजाले त्यस्तो दान गरेको जमीन हरण गर्न नमिल्ने हुनाले वेजातिया ब्राह्मणलाई भएपनि दिनु भनेको हो कि जस्तो लाग्दछ । निग्रह दिएर भएपनि त्यस्तो स्थितिमा वेजातिया ब्राह्मणवाट सो जमीन लिने भनेको कुरा अलि स्पष्ट हुँदैन ।

राजा संसारब्रह्म राउलाको भनी योगी नरहरिनाथले[२१] शाके १३१८ को एउटा ताम्रपत्र प्रकाशन गर्नुभएको छ । समयक्रमवाट यी संसारब्रह्म जुम्लाका कल्याली राजा भएको जस्तो वुझिन्छ । तर यो ताम्रपत्र भने शाके १३४० को हुनाले यस समयसम्म त वफाङ० जुम्लावाट राम्रै स्वतंत्र भइसकेको प्रमाणित हुने हुनाले अव वफाङ०मा कल्याली राजाको नामवाट ताम्रपत्र गरिनु पर्ने स्थिति भए जस्तो लाग्दैन । अत: यी संसारब्रह्म वफाङ०का अर्कै व्यक्ति हुनुपर्छ ।

त्यस्तै शाके १४२० को अर्को ताम्रपत्र वफाङ०मा पाइएको छ । यस ताम्रपत्रमा उल्लिखित राजाको प्रशस्तिमा '... श्रीराजाधिराज भावसिंह रज्वार चिरंजयतु...' भनिएको छ । वफाङ०ी वंशावली (क) को क्रम १५ र (ख) को क्रम ३७ मा पनि राजा भाउसिंहको नाम उल्लेख छ । राजा भावसिंहले तिल कुश लिई ब्राह्मणलाई चरू पु-याउने हेतुले भूमिदान दिएर सवै करहरूवाट मुक्त गरिएको कुरा यस ताम्रपत्रवाट थाहा पाइन्छ । यस ताम्रपत्रमा '... शक्ति सिंग सुजानसिंगकी भाषा भावसिंग रज्वारले मयाचितयो दसुजोइसिले पाइ...' भनी उल्लेख भएको वाट पक्का पनि भावसिंह राजा शक्ति सिंह र सुजान सिंहका सन्तान रहेछन् भन्ने प्रमाणित हुन्छ । राजा भावसिंहले आफ्ना वावु वाजेको भाकालाई थाम्न यो ताम्रपत्र दान गरेको संकेत पनि यसमा दिइएको छ । वफाङ० यसवेलासम्म त जुम्ली र डोटेली राज्यबाट पूर्णत: स्वतंत्र भएकोले राजाहरूले स्वच्छन्दतापूर्वक दान गर्न र ताम्रपत्र प्रदान गर्ने जस्ता जिम्मेवारीहरू आफूले गरेको कुरा पनि थाहा हुन्छ ।

यस ताम्रपत्रमा उल्लिखित वफाङ०ी राजाहरू र वफाङ०ी वंशावलीमा टिपोट गरिएका नामावलीको परस्परमा मेल खान्छ । यो ताम्रपत्र दान दिंदा 'रज्वार पायल भूमिपसाभइ संकल्प गरिएको' भनिएकोवाट राजाले स्वयं रजवारहरूसंग पनि सल्लाह गरी भूमिदान गरेको हो कि जस्तो लाग्दछ । हुन पनि रजवार पद राजाको दाहिने हात मानिन्थ्यो । भाइ भैयाद र चाकडी गर्नेलाई मात्र रजवारी दिइन्थ्यो । तसर्थ राजा भावसिंह वफाङ० वंशावलीमा उल्लिखित भाउसिंह एउटै व्यक्ति हुन् कि भन्ने शंका गरेको छु ।

यस संकलनको नवौं ताम्रपत्र शाके १६२३ को हो । यसमा उल्लिखित व्यक्तिहरूको नामले वफाङ०ी राजाको प्रतिनिधित्व गरेको देखिन्छ । तर वफाङ०ी वंशावलीमा यिनीहरूको नाम उल्लेख नभई रजवारहरूको नामको वंशमा मात्र भएको छ । त्यस कारणले यी व्यक्तिहरू वफाङ०

तल्कोटका रजवार हुन सक्छन् । वंशावली नं.(घ) को क्रम ६-७ मा भोपतिसिंह र माधुसिंहको नाम उल्लेख छ । फेरि नामको प्रशस्तिमा नै श्रीराजाधिराज भन्ने शव्द पनाले यिनीहरू राजा रहेछन् भन्ने कुरा अझ सिद्ध हुन आउँछ । यहां एउटा कुरामा भने प्रकाश पार्न आवश्यक ठान्दछु । त्यो हो वझाङका सामन्त राजाहरू जुम्ला र डोटीका राजाहरूवाट स्वतंत्र भएपछि आफ्नै क्षेत्रमा पनि विभिन्न टुक्रामा विभाजित भए । यो विभाजन संघर्ष र लडाइद्वारा नभई केवल भाइ भैयादको अंश वण्डाको हिसावले भयो । त्यसै कारणले वझाङको तल्कोटमा रजवारी पाइ वसेका वझाङी राजाका सन्तानहरूले आफूलाई राजा भन्दा तल्लो ठान्दैनथे । त्यस कारणले गर्दा यहां भूपतिसिंह र माधुसिंह रजवार भएर पनि आफूलाई श्रीराजाधिराज भनी ताम्रपत्र दिएका पाउंछौं । ठकुरीहरूको व्यक्तिगत वोली भाषामा राजा, राजकुमार र वावुसाहेव जस्ता लवजहरू हालसंम पनि छंदै छन् भने पहिले पनि त्यस्तै प्रचलन हुन पनि सक्यो होला । वझाङको केन्द्रीय राज्यवाट विभिन्न क्षेत्रमा भाइहरू गई यताउति छरिएर वसेका छन्, र यो विभाजन पहिलेवाट नै शुरू भएको थियो । तिनीहरूले केही हदसंम स्वतंत्र राज्य गर्दथे ।

वझाङीराजा शक्तिसिंहको समयमा तल्कोटको वरिपरि वाह्रकोटे हाटिया राजा र सिगारूवम्म भन्ने राजाहरू थिए भन्ने त्यहांको लोक इतिहास छ । यी वाह्रकोटे राजाहरूलाई राजा शक्तिसिंहले आफ्नो वशमा पारी कर उठाउन थाले । प्रशासनको दृष्टिले पहाडी खण्ड हुंदा त्यहांको अधिकार आफ्नो हातमा पार्न वझाङी राजाले मेदिनीसिंहलाई पठाए भन्ने लोक इतिहास वझाङमा निकै प्रचलित छ । तल्कोटका रजवार मेदिनीसिंहले आफूलाई वझाङवाट स्वतंत्र वनाउन सकेनन् वा चाहेनन् । त्यो कुरालाई परै छोडी उनले ताम्रपत्र दिने गरेका रहेछन् भन्ने कुरा प्रमाणित हुन आउँछ । उनको अधिकारमा रूक्का र ताम्रपत्रहरू गरिदिने अधिकार भने भएको देखिन्छ ।

राजा भूपतिसिंह र माधुसिंहले विक्रमधराला र सिगारू धरालालाई उनीहरूको पहुंच पर्न जाने ठाउंको अकर गरी राजाको चाकडीमा रूजु रहने व्यवस्था मिलाएको आशय वुझिन्छ । यी धरालाहरू वाह्रकोटे हटीया राजा सिगारूवम्मका सन्तान हुन सक्छन् । फेरि यिनीहरू त्यसक्षेत्रका प्रभावशाली व्यक्तिहरू हुनाले राजाले आफ्नो वशमा पार्न उनीहरूलाई ताम्रपत्र गरिदिएको पनि हुन सक्छ । किनभने सामन्तवादी राज्यमा एउटा व्यक्तिलाई हात लिन सकेपछि वहुसंख्यक व्यक्तिहरूको केही मतलव राखिंदैन । ताम्रपत्रमा यस्तो वाक्यांश छ:

'राइकी शासनी मूल्य छोटो भयाका दिन ठाकुरका नाति पुतले पाली खानु... यै वाचाभित्र धनदेलो भग्तनैन घात्याकि घात सुनैन ।। घात्याकि घात सुन्या राजाको धर्मवादी जाला: विक्रम धरालाका नाति पुतले ठाकुर छाडैनन्... ।

उपर्युक्त वाक्यांशको तात्पर्य यही हो कि राजा भूपतिसिंह ठाकुरको साथ विक्रम धरालाका सन्तानले नछोड्ने र राजाले पनि उनीहरूको कुमलो नठान्नू भने जस्तो लाग्दछ ।

यो ताम्रपत्र पहिले वर्णन गरिएका ताम्रपत्रहरू भन्दा केही भिन्न र राजनैतिक पाराको देखिन्छ । ग्रहण जस्ता पर्वहरूमा दिइने ताम्रपत्र जस्तो ढांचाको यो ताम्रपत्र छैन । यो त

केवल चाकडीमा लागी टहल गर्ने व्यक्तिलाई दिइएको भन्ने कुरा स्पष्ट उल्लेख गरेको पाइन्छ ।

शाके १६९१ (वि.सं.१८२६) को अर्को ताम्रपत्र वफाङ०ीराजा समुद्रसिंहको हो । वफाङ०ी वंशावलीमा (क) २४ (ख) क्रम ४८ मा राजा समुद्रसिंहको नाम छ । राजा समुद्रसिंहको नाम वफाङ०ी क्षेत्रमा निकै प्रख्यात छ । यस ताम्रपत्रमा राजाले मग्ल्याको जमीन दशनाली (४ मुरी १० पाथी माटो) र ५ माना सिर्तो (वकस) वुढाथापा काजीलाई दिएको कुरा उल्लेख परेको छ । यो वकस राजाको कजाइ गरे वापत दिइएको जस्तो वुझिएको छ ।

१९सौं शताव्दीका बाइसे राजाहरूले पहिलेको मर्यादा विपरीत धर्ममा संकुचित नीति अपनाएको कुरा हामी चाल पाउछौं । किनभने त्यस वेलाका ताम्रपत्रहरूमा वुद्धबौद्ध, रत्न त्रयायां, जस्ता साक्षी राख्ने प्रचलन थियो जुन पछि समाप्त गरिएको हुन्छ । वफाङ०को उत्तर पूर्वमा `जाङ्' भन्ने भोटे जातिहरू वसोवास गर्दछन् । उनीहरूले पहिले वुद्ध धर्म मान्दथे तर वफाङ०ी राजाहरूले उनीहरूलाई आफ्नो कव्जामा लिएपछि वुद्ध धर्मलाई कुनै पनि मान्यता नदिएकाले र तिव्वत तर्फवाट पनि उनीहरू अलग हुन गएकाले यिनीहरूले एउटा मिश्रित धर्म मान्न थालेको हामी पाउँछौं ।

राजा समुद्रसिंहको नेपालको स्थितिको यहां केही चर्चा गर्नु उचित होला ठान्दछु । वि.सं. १८२६ सम्म गोरखाधिपति पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाका तीनै शहर जिति सकेका थिए । सुदूरपश्चिमाञ्चल क्षेत्रका वाइसे राज्यहरू भने अझै स्वतंत्रताको श्वास फेर्दै थिए । यद्यपि पृथ्वीनारायण शाहले त्यतापट्टि विजय गर्ने विचार राखेकै थिए तापनि सवै तारतम्य मिलीसकेको थिएन । वि.सं.१८०० मा पृथ्वीनारायण शाह काशी जांदा जाजरकोटका राजासंग उनको पहिलोपल्ट परिचय भयो र उनीसंग सन्धि पनि गरेको हामी पाउँछौं । उक्त सन्धिमा यदि गोरखा राज्यको विस्तार भयो भने जाजरकोटले गोरखाको वाटो छेक्ने काम नगर्ने । त्यस्तै जाजरकोटको राज्यले विस्तार गर्‍यो भने गोरखाले कुनै प्रकारको वाधा नगर्ने भन्ने उल्लेख उक्त सन्धिमा थियो[२२]। त्यस्तै सन्धि पृथ्वीनाराण शाहले जुम्लासंग पनि गरेको पाइन्छ । त्यसैक्रममा उनले योगी भगवन्त नाथलाई पत्र लेख्दा `गोर्खा र जुम्लाको एकत्व गरौं' भन्ने नीति अपनाएको पाउँछौं[१३]। पृथ्वीनारायण शाहको सारा नेपालका भूरे राज्यहरूलाई एउटै साङ्लोमा वांधी एउटै विशाल नेपाल राज्य वनाउने सपना केहीहदसम्म विपना वन्न लागिसकेको थियो । तर उनको छिटैनै देहान्त हुनाले त्यो कार्य अलपत्र रह्यो । जुनकाम पछि पृथ्वीनारायण शाहका कान्छा कुमार वहादुर शाहवाट मात्र पूरा हुन सक्यो ।

१८४७ मा वफाङ०, थलहरा र छान्नाले अमरसिंह थापासंग सन्धि गरे, लडाइ गरेनन्[२४] त्यस राज्यवाट नेपालले वार्षिक कर लिन थालियो । त्यसपूर्व वफाङ० डोटीको अधीनमा भएको कुरा पहिले भनियो । डोटेल राजा मान्धाता शाहीका पालादेखि नै डोटीको वफाङ० संग कट्टर शत्रुता रहेको वुझिन्छ । यस्तो अवस्थामा अमरसिंह थापासंग डोटी लड्न तम्सियो ।

तर वभ्फाङ० अछाम र वाजुराले डोटीलाई सहयोग दिएनन्[२५]। वभ्फाङ०ी र अछामी राजाले गोरखालीको समर्थन गरेकाले नै सामन्ती राज्य पदवी पाउन सके । अन्त्यमा २०१७ सालको 'रजौटा उन्मूलन ऐन' नेपाल गजेटमा प्रकाशित भएपछि रजौटाहरू खारेज गरिए ।

राजा समुद्रसिंहको समयसंम वभ्फाङ० पूर्ण स्वतंत्र थियो । नेपालको एकीकरणाको आभास पनि स्पष्ट भइसकेको थिएन ।

अर्को ताम्रपत्र शाके १४८४ को हो । यसको एउटा नौलो पक्ष छ । त्यो हो यो ताम्र-पत्र दान दिने राजा रजौटा वा रजवारको कुनै नाम उल्लेख भएको छैन । यो ताम्रपत्र वि.सं. १६१६ को हो । त्यस समयमा वभ्फाङ०ी राजा जितारीसिंह भएको कुरा नरहरिनाथको वंशावली[२६] वाट थाहा हुन्छ ।

वभ्फाङ० जिल्लाभित्र यस्ता ताम्रपत्रहरू प्रशस्त मात्रामा पाइन्छन्,तर तिनको जम्मै खोजी भएको छैन । धेरै जसो ताम्रपत्रका सक्लहरू वभ्फाङ०वाट वाहिर गइसकेको कुरा पनि आशंका हुन्छ । त्यस चौत्रमा पुग्ने वुद्धिजीवीले आफै उठाएर सक्ल गायव गरिदिने गर्नाले, कतिको मर्का पर्छ भनी वयान गर्न यहां परोइन । उहांहरूले लगेका सक्ली तामपत्रहरूलाई छिटैने प्रकाशन गरिदिने भए वरू इतिहासको अन्वेषाण गर्नेहरूलाई मद्दत पुग्न जान्थ्यो ।

यस ताम्रपत्रको संकलनको अन्त्यमा एउटा चाखलाग्दो पत्र पनि समावेश गरेको छु । त्यो शाके वा विक्रम संवत् यति वेलाको हो भनी निश्चय गर्न सकिएको छैन । यो पत्रको वायां किनारमा 'पत्र चिनपाट' भनी लेखिएको छ । यसको भाव चीनवाट पठाएको पो हो कि भन्ने शंका उठन गएको छ । पत्र पठाउने राजाको नाम 'श्री महाराजधिराज चक्रसुदर्शन् शाहज्यू' भनी लेखिएको छ । यो कुरा त्यस पत्र भएको रातो रंगको चारकुने छाप र वीचमा चक्र वनाइएको वाट थाहा पाइन्छ । त्यस चक्रको चारै तिर ढाकने गरी राजा चक्रसुदर्शन् शाहको नाम पनि लेखिएको छ । चक्रसुदर्शन शाह कहांका राजा हुन् ? सामान्यतया नामको वनावट र भाषाको ढांचा हेर्दा उनी जुम्लाका कल्यालीराजा सुदर्शन् शाह हुन् कि भन्ने शंका लाग्दछ । तर कल्याली राजा सुदर्शन शाहले आफूलाई सुदर्शन् चक्रप्रसातज्यू लेखिएको कहिं पनि भेटिन्न । यिनले शाके १६६७ मा जुम्लामा विशाल राजमहल वनाउन लगाएको कुरा थाहा हुन्छ । यस पत्रमा उल्लेखित राजा सुदर्शन शाह यिनै हुन् भन्न साह्रै कठिन पर्न गएको छ ।

यस पत्रमा उल्लिखित राजा चक्रसुदर्शन शाहले चीनवाट लेखेका हुन् कि भन्ने शंका पनि उठेको छ । चीनवाट पत्र पठाइनुको अर्थ राजा स्वयं चीनमा गएर लेखेको भन्ने पनि वुझिन्छ । उनले आफ्ना मानिसलाई खवर पठाएको हो कि भन्ने एउटा अडकल हुन्छ । अर्को कुरा यस पत्रको एक वाक्यांशमा '... राजा राइमान भण्डारी सागुराजा पुग्या समाचार पायौं...' भन्ने वाक्यको अर्थ लगाउंदा अर्को उत्कण्ठा र जिज्ञासा पैदा गर्दछ । राइमान भण्डारी भन्ने कहांका राजा हुन् त्यो कुरा पनि यस पत्रमा खुलेको छैन । फेरी अर्को वाक्यांशमा ...

हुम्लीका अर्थ सुन हाम्रो वचन मानौं: वोल विंति गरौं: भन्या होली' भनी लेखिएको वाट राजा राइमान भण्डारी हुम्लाका राजा पो हुन् कि भन्ने तर्फ उठन आउंछ ।

यस पत्रको ध्वनि विचार गर्दा हुम्लीराजा राइमान भण्डारी जुम्ला दरवारमा पुगेर वसेपछि जुम्लावाट चीनमा वसेका राजालाई पत्र लेखियो होला । त्यो खवर पाइ राजाले आफ्ना कार्जी महेश्वर सिंहलाई निर्देशन गरेका होलान् जस्तो लाग्दछ । राजा चक्रसुदर्शन् शाहको मनाइ वुझ्दा उनले हुम्लीसंग मित्रता राख्ने सुझाव पोखेको पाइन्छ । जे भएपनि हुम्ली राजासंग राम्रो मैत्री कायम गर्नु भन्ने मतलवको यो पत्र भएको पाइन्छ ।

यस पत्रको अन्त्यतिर राजा चक्रसुदर्शन् शाहले महेश्वर सिंहलाई असौजका दिनभित्रै चौत्रपुरमा आफै आइपुग्नु पर्नें छ भनी तोक लगाए जस्तो गरी ताकिता गरिएको छ । यस वाक्यवाट पनि उनी भ्रमणामा गएका रहेछन् भन्ने पक्का हुन आउंछ । अथवा महेश्वर सिंह-लाई हुम्लामा पठाएर राजा चीनतर्फ गए । अनि उनलाई सल्लाह लेखी आफ्नो अनुपस्थि-तिमा छिटैने चौत्रपुरमा आउनु भन्ने लेखिएको हो कि भन्ने शंका पनि उत्पन्न भएको छ । यदि त्यस अर्थले यो पत्र लेखिएको भए चक्रसुदर्शन शाहको राजधानी चौत्रपुर हुनु पर्छ भन्ने कुरा यस पत्रवाट सिद्ध हुन्छ । यस कारण राजा चक्रसुदर्शन शाह राजधानी वाहिर चीनमा पुगेका भन्ने कुरा पनि स्पष्ट हुन आएको छ । पूर्ण प्रकाश नेपाल यात्रीले यो पत्रलाई सेतीका तारा पृष्ट ५४ मा प्रकाशित गर्नु भएको छ । यो पत्रको व्याख्या नगरी मूलमात्रै प्रकाशित गर्नु भएकोले उहांवाट केही टण्टा निकालिएको छैन । तर यो पत्रको वायां किनारमा 'पत्र चिन-पाट' भन्ने वाक्यने छुटाई दिनु भएकोले कहांवाट पठाएको भन्ने कुरा मिति र तिथि जस्तै अस्पष्ट रहेको छ । 'यात्री' जीले म भन्दा १ वर्ष अगाडि यो पत्र वझाङ० तल्कोट जंग-वहादुरसिंहवाट संकलन गर्नु भएकोले छुटन पनि गयो होला ।

## टिप्पणीहरू

१. वझाङ० जिल्लामा म २०३४ श्रावणदेखि २०३५ ज्येष्ठसम्म रा.वि.से. विद्यार्थीको रूपमा वसें । त्यहां वस्ता मैले यी पत्रहरू संकलन गरें । यस तर्फ दाज्यू चैतेन्द्रजङ्ग 'हिमाली' ले मलाई ज्ञान दिनुभएथ्यो । अरू सज्जनहरू पनि मैले गुन मान्नुपर्नेमा हुनु हुन्छ; जसको सहयोगले यो लेख तयार भयो ।

२. धनवज्र वज्राचार्य, बेन्नु अंक २, पृष्ठ १२२ ।

३. मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, पृष्ठ १९ ।

४. सत्यमोहन जोशी, कर्णाली लोक संस्कृति खण्ड १, पृष्ठ ८० ।

५. ऐ.ऐ. पृष्ट ऐ.ऐ.

६. धनवज्र वज्राचार्य, कर्णाली प्रदेश एक विटो अध्ययन, पृष्ठ ४४ ।

7. Dr. Prayag Raj Sharma, Preliminary Study of the Karnali Basin, West Nepal, p.19; "The Malla kingdom destroyed after Abhya Malla and was divided into small principalities controlled by local rulers. Soon after it we hear about three rulers with full imperial titles in three separate regions ..."

८. सत्यमोहन जोशी, पूर्ववर्णित, पृष्ठ ६४ ।

९. योगी नरहरिनाथ, इतिहास प्रकाश, खण्ड १, पृष्ठ ५८८ ।

१०. वंशावलीहरूमा क्रमश:

(क) वझाङ० जिल्ला ब्यांशी गाउँ पंचायतका जगतवहादुर सिंहसंग भएको वंशावली सबै-भन्दा पुरानो छ । निज हालसम्म वझाङ० चौघानपाटा कोटका पुजारी भइ बसेका छन् । उनीसंग भएको वंशावली यस प्रकारको छ:-

'व्रह्मया सतनातयो तपवताम् नारायणो रत्नात:
राज्ञा शत्रु हरण्य विधाति फणा रथी ।।
आरोग्यम् तनुवातसहरोग वेचातनो मारूतो
भक्तो तिष्ठति भारति तपने लक्ष्मिवरम् तिष्ठतु ।।
आरोग्य चन्द्र वनिलोनलश्च द्यो भूमिरायो हृदयं पमश्च
अरूश्वरात्री: उभयेश्च सन्ध्या धर्मो भिजानासि नलश्च वृद्धिम् ।।'

चितौली गडवाट आयाका वझाङ० राजाको वंशावली लेख्येते

५. राजा कटक देव
६. राजा वाघदेव
७. विष्णुदेव
८. नागदेव
९. जसदेव (वम्म)
१०. नुरिवम्म
११. राजवम्म
१२. रतिवम्म
१३. शक्ति सिंह
१४. सुजानसिंह
१५. भाउसिंह
१६. भीमसिंह
१७. पूर्णसिंह
१८. महेन्द्रसिंह
१९. दीलिपसिंह
२०. पृथ्वीसिंह
२१. रत्नसिंह
२२. कल्याणसिंह
२३. अमरसिंह
२४. समुद्रसिंह
२५. रघुनाथसिंह
२६. इन्द्रसिंह
२७. गजराजसिंह

(ख) वझाङ० मौलाली गा.पं. जुजीका वझांगी राजाका राजगुरू भवकेशर जोशीसंगको वझांगी राजाहरूको वंशावली:-

'अत्र वझांगी राजा चन्द्रवंशी काश्यप गोत्र श्री थामीराजाकी वंशावली राजाका नाउँ चितौली गडवाट आयदेखिका राजाका नाम लिख्येते ।। इति:'

१. हरिवंश राना
२.
३.
२९. जसैवम्म
३०. शिववम्म
३१. रतनीवम्म
३२. नरिवम्म
३३. राजवम्म
३४. मलैवम्म
३५. शक्तिवम्म (सिंह)
३६. सुजानसिंह
३७. भाउसिंह
३८. पृथ्वीसिंह
३९. जितारीसिंह
४०. इन्द्रसिंह
४१. भैरबसिंह
४२. दीलिपसिंह
४३. महेन्द्रसिंह

४४. पृथ्वीसिंह ४५. रतनीसिंह ४६. कल्याणसिंह
४७. अम्मरसिंह ४८. समुन्द्रसिंह ४९. रघुनाथसिंह
५०. इन्द्रसिंह ५१. गजराजसिंह ५२. भूपिन्द्रसिंह
५३. विक्रमवहादुरसिंह ५४. जयपृथ्वीवहादुरसिंह

(ग) वफाङ० मेलविसौना तल्कोटका जंगवहादुर सिंहसंग वफांगी, थलहारी र सून्याल वंशावली एउटै कागतमा छ तर यहां सूनीकोटे सून्याल राजाहरूको मात्र नाम उल्लेख गरेको छ । उनीहरूलाई वम्म भनिन्छ ।

मलैवम्म (वफाङ०राजा) का कान्छा छोरा

१. श्रीवम्म २. शिववम्म ३. सुन्तीवम्म
४. मेदिनीवम्म ५. रौसावम्म ६. सारीवम्म
७. सुरिवम्म ८. मेधावम्म ९. गोपीवम्म ई:

(घ) निज जंगवहादुर सिंहसंग भएको तल्कोट रजवारहरूको वंशावली यस प्रकार छ:-

महेन्द्रसिंह (वफाङ०राजा) का कान्छा छोरा

१. मेदिनीसिंह २. दीलिपसिंह ३. प्रतापसिंह
४. दलसिंह ५. वीरसिंह ६. भोपतिसिंह
७. माधुसिंह ८. भरतसिंह ई:

(ङ०) वफाङ०का जंगवहादुर सिंहसंग थलहारी राजाको वंशावली पनि पाइएको छ,जुन यस प्रकार छ:-

शक्ति सिंह (वफाङ० राजा) का माइ थलहरामा पुगी भोट्ट खड्कालाई मारी राजा भए । उनको नाम जगति सिंह हो ।

१. जगतिसिंह २. जैदेउ ३. पालमदेउ
४. महेन्द्रदेउ ५. काण्डदेउ ६. लक्ष्मणसिंह
७. उदयसिंह ८. कल्याणसिंह ९. दील्लीसिंह
१०. जितारीसिंह ११. नारायणसिंह १२. भीमसिंह
१३. मुकुटीसिंह ई:

११. मोहन प्रसाद खनाल, पूर्ववर्णित, पृष्ठ १७।

१२. धनवज्र वज्राचार्य, पूर्ववर्णित, पृष्ठ ४३ ।

१३. पूर्णप्रकाश नेपाल 'यात्री' सेतीका तारा, पृष्ठ २४६ ।

१४. मोहन प्रसाद खनाल, पूर्ववर्णित, पृष्ठ १२ ।

१५. धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रूपरेखा, पृष्ठ ४२-४३ ।

१६. देवकान्त पन्त, डोटेली लोक साहित्य एक अध्ययन, पृष्ठ ८६ ।

१७. मसंग भएको वंशावलीको नाम यस प्रकार छ:-

९४. विमादेउ ९५. त्रिलोकीपालराजा ९६. निरयपाल राजा
९७. अशोकिमल्ल राजा ९८. अपुर्कमल्ल राजा ९९. नागमल्ल राजा
१००. रिपुमल्ल राजा १०१. १०२. कल्याणीमल्ल राजा
१०३. शनिसरिमल्ल राजा १०४.प्रतापीमल्ल राजा १०५. कटारीमल्ल राजा

१८. वभ्फांगमा प्रचलित छत्तीसकर निम्नानुसार थिए ।

१. गोदामकर: जमिनको कर वर्षेनी १।- रूपैयां, राजाको गोदाममा एकपाथी धान प्रत्येक वतनले बुफाउनु पर्दथ्यो ।

२. घट्टेकर: अन्नपिस्ने पानी घट्ट राख्नेले वर्षेनी रू.२।- ६ महीना राख्नेले रू.१।- नगद बुफाउन नसके जिन्सी बुफाउनु पर्ने ।

३. सिकधान्नी: कार्तिक महीनामा वाली भित्र्याउंदा रैतीले सिक कर बुफाउनु पर्थ्यो । र रबिवाली भित्र्याएपछि गहुं जौ आदि बुफाउनु पर्ने करलाई धान्नीकर भनिन्थ्यो ।

४. वेसाउरी: प्रत्येक सालको दशैंमा राजाले रैतीवाट सस्तो मूल्यमा चिजहरू (अन्न, साग, घीउ, मासु ई.) किन्ने गर्दथे । यो किन्दा सस्तो मूल्यमा दिनुपर्थ्यो । यसलाई त्यहां वेसाउरी भनिन्थ्यो ।

५. चन्द्रायण: यसको खास अर्थ पतिया हो । पतिया लिनलाई धर्माधिकारीहरू दौत्रदौत्रमा खटाइएका हुन्थ्ये । आफ्ना गोत्रिया, छिमेकी र इष्टमित्रले पातक जस्ता घृणित कसूर र जातपातमा नरहेमा, सवैले पतिया लिई शुद्ध भई जातमा रहन सक्थे । चन्द्रायणमा प्रत्येकले २।५० पैसा तिर्नु पर्दथ्यो । यसको केही हिस्सा धर्माधिकवरीले राखी वांकी राजालाई पठाउने गर्दथे । ब्राह्मण, दात्री, वैश्य र मतवाली दात्रीका धर्माधिकारी ब्राह्मण र पानी नचल्ने जातका मानिसलाई चन्द्रायण दिंदा सुनारलाई यो जिम्मा दिइन्थ्यो । धर्माधिकारीले हिन्दू रीति अनुसार पतिया दिने गर्दथे ।

६. चाकचकुई: आफ्ना घरमा पालिराखेकी नोकर्नी मागेर पोइल गई भने त्यस्तोमा अर्को लैजाने मानिसवाट चाक कर लिइन्थ्यो । र राजालाई केही भाग लगाई मालिकले केही भाग लिन्थे । आफ्नो नातापर्ने विधवा महिला पोइल गई भने त्यस्तो वदमासी गर्नेलाई चकुइ कर लगाउने चलन थियो । हाड नाता परेमा कहिले कांही राजालाई थाहा नदिई चकुइ लिई थामथुम परिन्थ्यो र थाहा हुने जस्तो भएमा दुवैलाई भगाइन्थ्यो ।

७. वाजपारेको: वाजले पंछिलाई समातेर ल्याउन सक्छ । यसलाई राम्ररी तालिम दिएपछि समुद्रभित्र पसी सिपीखाने चरा छोपी ल्याउने काम गर्दथ्यो भन्ने विश्वास गरिन्थ्यो । सिपीमा मोती हुन्छ । वभ्फांगवाट यस्ता वाज छोपी भारतमा लगी वेचिन्थ्यो । सनद नपाउने वालाले वाज छोप्न पाइदैनथे । राजालाई सनदवालाले वाजपत्रेपछि वुफाउंथे । त्यस कामगरेवापत उनीहरूले राजावाट केही नगद प्राप्त गर्दथे ।

८. वेठ,वेगार: वेठ तिर्दा राजाको जमीनमा महीनाको दुइ दिन काम गर्नु पर्ने वेगारमा राजा वाहिर जांदा र देशभित्र आउंदा रैतीले निशुःल्क भारी वोक्नु पर्ने पाल्की र डोला वोक्नु पर्ने चलन थियो ।

९. दुवा, ठेकी, कुराउनी, ओलक: प्रत्येक वर्ष भाद्र महीनाको शुक्ल सप्तमी-तिथिमा रैतिले राजाकहाँ खुवा र दही लानुपर्ने; भैंसी नपाल्नेले घिउ दिनुपर्ने; श्रावण १ गतेका दिन संक्रान्तिमा महीको ठेकी राजाकहाँ पु-याउनु पर्ने र रैतिको घर दरवार देखि टाढा भएमा गाउँका ठालूकहाँ लैजानु पर्ने ।

१०. पेचखानी: कुनै कारणवश दुइ गाउँका वीच झगडा पर्न गयो भने राजावाट पुर्जि टाँस्न पुलिसहरू आउँथे । उनीहरूलाई खुराक र जाने वेलामा रू.।५० पैसा दिनु पर्दथ्यो ।

११. नूनको कर: उनको कर ।

१२. माहुरीको महकर:

१३. वाख्रा, गोरू कर: (गोरू भन्नाले - गाई गोरू, भैंसी, राँगा, वहर, वाच्छा पाडा ई.)

१४. डंड, कुंड: झगडियाले मुद्दा हारेमा लाग्ने जरिवानालाई डंड र नयाँ तीर्थ-स्थल वा घाट, फुल तर्नु पर्दा, तुइन (लठ्ठाको फुल) तर्नु पर्दा, तार्ने मानिसहरूलाई दिने जगातलाई कुण्ड भनिन्थ्यो। कुंड भन्नाले कुवाको कर अथवा पनेराको कर पनि हुन आउँथ्यो। तर वझाँगमा त्यस्तो कर लगाएको प्रमाण नहुँदा यहाँ कुंडको अर्थ घाट, खोला, खहरे तार्ने मानिस, घटालोलाई वुझाउने मूल्य भन्ने वुझिन्छ । घटालोले घाट तारे वापत पनि राजालाई केही रकम दिनु पथ्र्यो । प्राय यो वार्षिक ठेक्कामा पनि दिने गरिन्थ्यो। जुन पालै पालो हुन्थ्यो।

१५. अपुताली:

१६. मुडाली, पेटाली: मुडाली भनेको पानी खेतीको कर हो र पेटाली भनेको अर्थ रविवाली गरिने जमीनको तिरो भन्ने वुझिन्छ ।

१७. धुरीकर अस्मानी: तागाधारी (जनै लगाउने) जातले राजालाई वर्षैनी १-२ पैसा कर तिर्नु पर्दथ्यो । जसलाई 'तागाधारन गर्दा राजाकन वुझाउन्या दस्तुरा ' भनिन्थ्यो । धुरिकर भन्नाले आफू वसेको घरको कर हुन्थ्यो ।

१८. लिकतन, धनतन: खानीवाट खनिज निकालेर वनेका भाँडा, त्यस्ता भाँडा वनाउने तमाटा माथि लाग्ने करलाई लिकतनकर भनिन्थ्यो । फलामको पाता तवाई आरन (ज्यासल) मा पिटने मानिसले वुझाउने करलाई धनतनकर भनिन्थ्यो । साथै ढुंगा काट्ने मानिस-ले तिर्ने करलाई ओडकर पनि भनिने चलन थियो ।

१९. खानीकर: (वझाँगमा रजौटाहरूको समयमा विभिन्न ठाउँवाट खनिजहरू झिकी त्यहाँका मानिसले स्थानीय भाँडा वर्तन वनाएका अझै पनि देखन पाइन्छन् । खानी झिक्दा ठेक्कामा र कर लिने गरी दिइन्थ्यो)।

२०. सुनार कर: मूलकर (छालाको काम गर्ने सार्की)
ढोले कर: (बाजा बजाउने दमाई)
भाँडेकर (वादीहरूले नाचेर कमाउँदा केही कर राजालाई पनि बुझाउनु पर्दथ्यो, जसलाई भाँड भनिन्छ)

२१. पोता: वकस पोता, वीर्ता पोता इत्यादि ।

२२. फागू कर: प्रत्येक फागूपूर्णिमामा राजालाई सारा रैतिले मीठा मीठा अन्न, पक्वान्न, काँचा पाकेका फलफूल, जे जस्तो आफ्ना गच्छेले पुग्दथ्यो । त्यही कुरा राजाकहाँ पु-याई दिनु पर्दथ्यो । (मोटामोटी ३६ कर यिनै हुन्, जो वझाङमा प्रचलित थिए)

१९. मोहन प्रसाद खनाल, पूर्ववर्णित, पृष्ठ १२ ।

२०. देवकान्त पन्त, पूर्ववर्णित, पृष्ठ ८३-८४ ।

२१. योगी नरहरिनाथ, इतिहास प्रकाश भाग १, पृष्ठ

२२. डा.तुलसीराम वैद्य, 'भ्वायस अफ् हिष्ट्रि खण्ड ३' जाजरकोटको राजा हरिशाह, पृष्ठ १ ।

२३. सत्यमोहन जोशी, पूर्ववर्णित, पृष्ठ १०१ ।

२४. प्रा. तौत्रराज पाण्डेय, नयराज पन्त, नेपालको संक्षिप्त इतिहास, पृष्ठ १०६ ।

२५. देवकान्त पन्त, पूर्ववर्णित, पृष्ठ १४३ ।

२६. योगी नरहरिनाथ, पूर्ववर्णित, पृष्ठ ५८८ ।

## ताम्रपत्रहरूको मूल पाठ नं १

पाठ

यो ताम्रपत्र शाके १२९४ को हो । यसको सक्कल सेती अञ्चल वफांग जिल्ला रिठा-पाटा शिलाखेतका निवासी नरदेव कोइरालाका घरमा छ । यसको नापो १५" इन्च लम्बाई र ७ इन्च चोडाइ छ । दाहिने तर्फ केही वढ्ता चोसो निकाली फुण्ड्याउन सजिलोको लागि डोरी अड्काउने प्वाल बनाइएको छ । पुरानो देवनागरी लिपिमा यो ताम्रपत्र कुदिएको छ । यसको दायाँ अन्त्य छेउमा केही चर्केको भएपनि यसले अक्षरलाई कुनै असर पारेको छैन । यस ताम्रपत्रको अन्त्यमा दायाँ तर्फ ठूलो "छा" अक्षर जस्तो छाप छ । यसको मूलपाठ यस्तो छ:

१. ॐ स्वस्ति ।। शाके द्वादशशते नवतिवेदसम्मिते माषफाल्गुनश्चैव तृतीयायां जीव वासरे श्री राजा ।

२. धिराज परमेश्वर । परमस्तहार परममाहेश्वर । परमगुरू श्रीमन्महेश्वर बालराज श्री कुंभकर्ण ।

३. वंशोद्भव श्री राजाधिराज हरिव्रम्म कुवर जयंत वर्मण: पादासुचिरंजयतु ।। नानुलाया-यांमाफिला ।

४. रजवार माषपसामइ विसिंघु जोइसि यं माष पाइकोइयारी थामका आलां कि संख्या विस् ।

५. वेलुका ४ षुकि संख्या राजफ्लुटा सुनतोला ४ ढ्ढाको टिकी माष माष पसाकिइ ।

६. विसिंघ जोइसियं पाइ अत्र साषि थान ४ राजवम्म गोसाइं सुमेरू गोसाइं कालु गोसा ।

७. इं सहु भाट विष्ट शिरूवम्म ठाकुर । सन्कु कुवर । दाषु कुवर । स्वदन्तं परदत्तं वा ।। यो हर ।

८. ति वसुन्धरां ।। षाष्टिवर्ष सहस्राणि विष्टायाम् जायते कृमिं ।। भूमिदा भूमिहर्ता च नापरंपापपुण्ययो: ।

९. कृ (श्र)द्धा धेम्योत्यतिष्ठेता यावदाभूत संप्लवा ।। प्रलये भिन्न मर्यादा भवन्ति किल सागरा ।। सागरा

१०. भेद भिच्छन्ति प्रलये नापि साघव । मेरूश्चलति कल्पान्तें मर्यादाम् सागरो गति:प्रति ।

११. पन्नं महासत्यान्न विकलन्ति कदाचन:। लेषक: सहधाजोइसि ढ्ढाकोटी सिगाज ।

१२. विष्ट वास्तु ठाकुर । सरंभ ठाकुर । रूपुकुवर । अपुर्ध ठाकुर । डोहू ठाकुर आकासको ढिडो ।

१३. पातालकि निध सर्वदोष विशुद्ध सर्वकर अकरि इति शुर्भम्

छा

## नं.२

यो ताम्रपत्र वफांग, चैनपुर गा.पं. वार्ड नं.३ दंदहरूका नरदेव जोशीको घरमा छ । यसको लम्बाई १६ इन्च र चौडाई ११ इन्च छ । यो ताम्रपत्र पुरानो भएकोले छेउका अक्षरहरू र केही बीचका अक्षरहरू पनि अस्पष्ट हुन गएका छन् । यो प्राचीन देवनागरी लिपिमा कुदिएको छ । त्यस्तै अन्त्यको बायाँ भागमा `उधार शाक १३१३ जसब्रह्मसुमम्` भनी भनिएको छ । अभय मल्ल भन्ने अक्षरहरूको दायाँ तिर चक्र र बायाँ तिर शंखको आकृति कुदिएको छाप छ । प्रथमत: यो ताम्रपत्र अभयमल्लले १२६६ वैशाखमा दान दिएको भन्ने जस्तो बुझिन्छ, तर फेरि १३१३ मा वफांगी राजा जसब्रह्म (जसैवम्म) ले कुदन लगाई थमौती गरेको भन्ने बुझिन्छ । यसको मतलव ज्यादा स्पष्ट छैन तापनि यसको पाठ भने सजिलो संग चल्न सक्तछ ।

यस ताम्रपत्रमा जैमल्ल, जैतवह्म, सिरवम्म सुजान वह्म आदिको नाउं उल्लेख छ। जसले शुरूका वफांगी राजाहरूको वंशलाई कोट्याउन अलि मद्दत गर्दछ ।

पाठ

१. ॐ स्वस्ति ।। राय असुरनारायणारायवालगोपाल रिपुराय दोर्षदुमल्ला ।
२. श्री अभयमल्लदेवपादा: सपरिवारा: सकुमारा: सर्वत्र विजयिनो भवन्तु ।
३. श्री शाके १२६६ वैशाख दिन सोमवासरे राइको आदेश ।।
४. अधिकारी कार्की बुढाथापा रोकाया समैप्रति कुमालतडो आलो ।।
५. सुंनिकांटियां भाटगावका सुनिका चौथाग दंदुरू न-या वानियाको
६. हुंदो । सुषा षोलाको उव्जन षाटपडापढोम हुन्या उभो एकर चौथागा ।
७. शिहुडा द्वानिघर चिद्धियात् वाग्वोडार वोडोवाट उभो पाह्लि तोला ।
८. उभो वागागडो पृति एकत्र समै आलो सूर्यग्रहण संकल्प घाली सिरू ।
९. जोइसि पसाकी अक्र्यां छु ।डंड दोष मोह अपुताली कुत् मात् ।
१०. पोट्लो पिठायो जारी चोरी फप्या गुप्या जिउ कुहियो मुडाली । पे
११. टाली । आकासको ढिडो पातालकी निध सर्वकर सर्वदोष विसुद ।
१२. करि अभैमल्लको चेलीको चेलो आदी पसाकरि सिरू जोइसिको चे
१३. लिको चेलो आदि गैर षडा जैमल्ल पसाकी छातैताष जैतवह्म सिर'वह्म ।
१४. सुजानवक्षा तलकोटी सुनुल वम्म तैजाष जयाकर उपाध्या दिनाउछौ ।
१५. इनुकि साषा दे । जयाषर उपाध्याकी साषा मुंच अत्र साक्षिण: रत्न त्रयाया सु ।
१६. र्यो चन्द्रमसौ । वुद्ध वौद्ध । मुमण्डलका साक्षि जाड० राउल रामषडगाहा ।
१७. तिपुरू भाट डाढे कुवर हरिवम्मो राउल लेषक विधकर जोयों धर्म प्रतिपाल

१८. सो पुरा पाइया जोयइ वृत्ति षाचपचकर सो महापातक पाइया । मेरु ।
१९. श्चलंति कल्यान्ते मर्यादां सागरो गति । प्रतिपन्नं महासत्यं विचलन्ति क
२०. दाचन ।। स्वदत्तं परदत वा यो हरेच्च वसुंधराम् षष्टिवर्ष सहस्राणि विष्टायांजा
२१. यते कृमि: ।। शत्रुणापि कृतंधर्म पालनीय प्रयत्नत: शत्रुरेवंहीं शत्रुस्यात् धर्म
२२. शत्रुर्नकस्यचित् ।।

श्रीअ भय
म ल्ल

उधार शाके १३१३
जसव्रह्म शुभम्

नं.३

यो ताम्रपत्राभिलेख सेती अन्चल वफांग जिल्ला मातेखोला गा.पं. वार्ड नं.५ का मदनराज जोशीको घरमा छ । उहांसंग जम्मा ३ वटा ताम्रपत्रहरू छन् । पूर्णप्रकाश नेपाल 'यात्री' ले ५ वटा मात्र छन् भनी लेख्नु भएको छ । तर हाल अरू २ वटा उहांसित छैनन् । यसको कारण, मैले बुझिन । शायद भएका भए मलाई उहांले देखाउनु हुन्थ्यो होला भन्ने विश्वास लाग्छ । हुन सक्छ उहाले विक्री पनि गर्नु भयो होला जुन मलाई भन्नु भएन । यो ताम्रपत्र उहांसंग भएका ताम्रपत्रमध्ये सवभन्दा पुरानो हो । यसको लम्बाई १३ इन्च र चौडाई ७$\frac{१}{२}$ इन्च छ । ताम्रपत्र पुरानो हुंदा र केटाकेटीलाई खेलाउन दिइएकाले अक्षरहरू केही घस्सिएका छन् । यो पुरानो देवनागरी लिपिमा कुदिएको छ । यसको पाठलाई सर-सरती मात्र पूर्णप्रकाश नेपाल यात्रीले <u>सेतीका तारा</u> पृष्ठ २४६ मा दिनु भएको छ । तर त्यहां प्राप्तिस्थान, पंक्ति संख्या र क्रम तथा व्याख्या भने गरिएको छैन ।

पाठ

१. ॐ स्वस्ति ।। अविकलभुवनभरोद्वहन धैर्यप्राचुर्यकीर्ति
२. कदम्वेनेवाशेषकवलितकलेवरश्य ---- निहारगोरस्यानन्तस्येवापरंवपुरूद्वहतस्तुहिनगिरेर्नि-
तम्वे वर्तमानाम -
३. गलितदुकूल शंकाविमोद्वहन्त्या श्वेतसरिता समलंकृत परिसर प्रदेशा श्रीं सेगुड
४. रिमधिवसन्नतुल भुजवल विजितरिपुवलकामिनीजननयननिर्गतवारिपुरसुदुर
५. समुत्सरितमत्सरिदितिपतिप्रतापानल: प्रचण्दभुजदण्डकुण्ड ललितकोदंड खंडनि
६. गच्छच्छरनिकरप्रवाहजर्जरिकृतारिभूधराव्धुरसंहरण वालगोपाल: काम्वोजवारायुजवा
७. ह्लीकपारसिकाधुद्धतार्वरत्न संघसाहर समुद्र: शवलसामन्त मण्डलिमौलिमण्डितचरणसरोज:
८. सपरिवार श्रीमान्नभयमल्लश्चिरंजयतु ।। श्री शाके १२६६ फाल्गुण वदि ११ सोमे
राइको आदेश ।

९. डुंग्राका अधिकारी कार्किप्रति । आ १ मात्यषगोलाको । आ० ।। सेती वाक्याको आ० ।। डुम्री

१०. को लाम्पाटा उभो मुएकत्र आ०२ तांमापत्र सासनकि पुट्टुजोइसि । तिलुजोइसि । सिकंठ

११. जोइसि पसाकि अक्र्याछु सर्वकर अकर सर्वदोष विसुद्धा फाप्यागुप्या कहित्या मोह अ-

१२. पुताली मुडाली पेटाली समै छाडी अक्र्याछु । कोहिल्यै नपाव । यो भाषा ।

१३. अभयमल्लकि साषा पसाकि अक्र्या पुट्टुजोइसि । तिलुजोइसि सिकंठ जो -

१४. इसि कि साषा चेलिको चेलो आदि भुच । अत्रसादिाण सुर्यचन्द्रमसौ रत्न ।

१५. त्रया भुमण्डलका सादि । जैतुवम्म राउला सिरिवम्म राउला राजवम्म राउला ।

१६. सुमेरुवम्म राउला थेवुराउल । गोह्याल राउल लेषक धर्मदाश जोइसि ।

१७. सिउराज षडका अत्र सादि

अ मै
म ल्ल

नं.४

यो ताम्रपत्र वफांग रिठापाटा गा.पं.शिलाखेतका नरदेव कोइरालाका घरमा छ । निजसंग दुइवटा ताम्रपत्रहरू छन्; जसमा यो दोश्रो हो । यो ताम्रपत्रको आकार केही सानो र पातलो छ । पाठमा त्यति शुद्धता आउन अक्षर अस्पष्ट हुनाले केही गाह्रो पनि पर्न गयो । यसको लम्वाई ११ इन्च र चौडाई ७ इन्च छ । यसको वायांतर्फ वीचमा चोसो निकाली प्वाल वनाइएको छ । पुरानो देवनागरी लिपिमा यो कुदिएको छ र यसमा कुनै छाप छैन । शाके १३१२ को यो ताम्रपत्र हो जसको पाठ यहां उद्धृत छ ।

पाठ

१. ॐ स्वस्ति ।। श्री शाके १३१२ फाल्गुण मासे शुक्ल पक्षे षष्टाम्यां तिथौ कार्त्रिका नक्षत्रे शनि दिने ।

२. श्री राजाधिराजा उदयसिंह चिरंजयतु ।। रजवार दत्तपसाकीइ राउदु भंडारी दत्त पाइ उपली

३. धुराली पसाकियो । सर्वकर अकर । सर्वदोष विशुद्ध । नाठरधालि पुताली अपुताली मुडाली पै

४. टार्लौ चोरीजारी । आकासको ढिडो पातालकि निध । डडाकोटी सन्ज्यालकि भाष्ण भाष्ण गाइ षोज कु

५. टिर्धा उपलि धुराली लागो पातो । ह्लिपानी धुलसा धुलि अंन अखाध पानि अपिउ सर्वकर

६. अकर उदैसिंको चेलिको चेलो खा । अत्रसादिा । राज वम्म गोसाञि सुमल्गोसाञि । फुसु गोसाञि ।

७. ग्यानजु । भटवाजु रेबुभाट षिदुभाट मोति अचार्ज नरिवम्म ठाकुर दानु कुवर सारग ठाकुर ।

८. हरू जोइसि जघासहश्र वाद्दविस आठविस पंचसह्योदु अदिकायदिग्रात्रि । स्वदर्ता पर- दत्तां वा यो ।

६. हरेच्च वसुंधराम् । षाष्टिवर्ष सहस्राणि विष्टायाम् जायेत कृमि ।। उदैसिंघकि जोदत्त भाष्णघाल सो गौ

१०. हत्या व्रह्महत्या पाइह्या । लिषितं देउराज जोइसि ।। इति ।

११. धमासेठीकंदा । रै ।

नं.५

यो ताम्रपत्र वफांग जिल्ला व्यांशी गा.पं. थली नौविस पुजाराको घरमा छ । देवनागरी लिपिमा कुदिएको यो अभिलेख शाके १३३६ को हो । अरू ताम्रपत्रहरूको तुलनामा यो ठूलो छ । यसको लम्वाई १८ इन्च र चौडाई १२ इन्च छ । अक्षरहरू स्पष्ट छन् । यसको अन्त्य दायां तर्फ चौकुने पारी दायां शंख र वायां तर्फ खड्को चिन्ह छ । दुवैको वीचमा रिपुमल्ल भनी राम्ररी कुदिएको छ ।

पाठ

१. ॐ स्वस्ति ।। श्रीगणेशाय नम: ।। दाराजपरिभुरिताखिल महिसौ जाग्यरोचिधि:कि ।

२. तिस्तौमसिताह्ननीतिन्नतनु: सवयणाइस्वसदां । संलद्मी सुति नागरं हिततनुर्यौनंतलदा ।

३. कृतिहृवादहृदयदर्शनाश्रुतिसहसा आशक्तिवहान्नृप: ।।

४. भट्टारक । परमवैक्लव । परमदानी । काधद्धकायायत्रनतानां अंधकार नाघल ज्योति ।

५. लोभी (जी ?) नायमायेमलां ( ) कुसाचतुर्दिशानाम् यशम्म अदेत्यादिविरदावलि- विराजमान श्री ।।

६. शक्तिव्रह्म नरेंद्रेण दत्तजीवलकंमुदांकर सर्वविनिर्मुक्त आदलायगणीहीदे । श्री शाके १३३६ ।

७. पौषसुदि १ प्र.वुधदिने रिसाकर पर्वणी । शक्तिव्रह्म राउलौ आदेश ।। कपिलिकार्कि अधिकारी ।

८. वुढाथापा रोकाया ।। वुढोजैसी ।। प्रति आलो १ किइई दुमकोट यकत्रघालि ।

९. चन्द्रग्रहण तीलकुशसहित संकल्प घालि चन्द्राक्करथ ।। इ ।। सर्वकर अकर । स

१०. वबाधा विनिर्मुक्त: । चतु:सीमापर्यन्त विसुधदोहाली सारा तामापत्रकरि । साल्ल जोइसि ।

११. पसाकी अक्रयांक्कु । यस तामापत्र जितर्कीवृत्तिकनिमित्ता सेवधारा । इंड । कुंडमोड । अपुताली ।

१२. मुडाली पुटाली चोरि जारि झप्यागुप्या कउल्यापाषो करकुत । लिउंकुडियो वेठो वाउलो पिठायो ।

१३. पोटलो । थापामाथि आदिकरि । आकासको ढिडो पातालकिनिध छत्तिसैकर छांडि घा ।

१४. लगक्कु । (स.दि.ष.नि.उध्री ?)। यस तामापत्र दि नकिहित्ते जो घाल फलापायान कोह्हीलायल ।

१५. स्ववाधलनाकि सति वोलकर करा वा तस्कारकैसै पुत्र वा केहीजीनयहन् सुर ।

१६. व्राह्मणतारका सनि शाषाकादि षानतो यसैमैह धंमसारानलिन जुकरणो पुराण्याइय ।

१७. याहापछिका राजा पान्नहोइ यसप्रमाण सैरकिप्रति पालनाकरि यस तामापत्रकि भाषा।।

१८. श्रीशक्तिव्रह्मकि साखाय साकरा साल्ल जोइसि कीणा पणापुत नाति माइमतिजा चे

१९. लिको चेलो आदिकरि भुंच ।। अत्रसादिा ।। सुर्यचन्द्रागो भुमंडलका सादी हिरवम्म राउल ।

२०. मोय्या राउल सुरबम्म भाट । हामिल्लकुवर । मुसुकुवर । आगेल थापा शिउरोकाय. दुर्गाकुठाइत ।

२१. आधुषडगाहा नाक्कुवड देउवम्मवड (ओइ्)। स्वदतां परदतां वा योहरेञ्च वसुंधरां षाष्टिवर्षसहस्राणी ।

२२. ध्येयं पत्तिपव्रह्ममलमनसानविकलित प्रगताप ।। ममवंश यदादिाये नकोत्रपातयेत् ।

२३. तस्मृतिपादलग्नादम्माउष्णाा नलायेत्णापिलिषित सादिा कृष्णाकर देवहेन । शुभमस्तु ।

२४. कडानित्तनामविपुस्ववणात्रागावै सुरिमानमधन ।

२५. कपाटसुरि मुङ्ली हाडा ।

| रि पु म त |
|---|

नं. ६

यो ताम्रपत्र मैले सक्कलवाट सार्न नपाएकोले पंक्तिको क्रम र ताम्रपत्रको नापो लेख्न असमर्थ छु । यसको मूल वफांग जिल्लाका भू.पू.रा.पं.स. स्व. चन्द्र जङ्गवहादुर सिंहको संक्लनमा थियो । चन्द्रजङ्गको मृत्यु पश्चात् योगीनरहरिनाथले यो ताम्रपत्र र अन्य सामाग्रीहरूका सक्कल प्रतिनै आफ्नो साथ लिएर हिँडेछन् । चन्द्रजङ्गले लेखेको वफांगको इतिहासको पाण्डुलिपि पनि योगीसँगै पुगेछ । यो सवैकुरा मैले वफांग चैनपुरका गगनजङ्गवहादुर सिंहवाट सुनेको हुँ, जसले मलाई नक्कल दिए ।

नक्कल, पाठ

स्वस्ति श्री महेश्वरस्य सुरसिषारि प्रत्यांतु: प्रभुता विराजमान सपादलक्षिण आर्यविपदाधिस्वर समीक्षो राजधान्यां: श्रीमत्यां वफांगइहनगर्यांमु श्री शक्तिव्रह्मराये । राजधिराज प्रभुणां परमधर्म परममाहेस्वरीका धैर्यकाराय भक्ति अंधकाराय जगज्योतिलभिमहे गजांकुशाराये रमणी षासग्रामा श्रीभविकारायमन्तां श्रीशक्तिवह्मविजयिनोवभुव सिरोमणि दानासीकृतदालिङ्ग वैरिदानो महितोलो: शाके १३६८ ज्येष्टमाष अमावस्यायां तिथौ: भौमवासरे शक्तिव्रह्मराउलो आदेश वडिइ टाटेगडो जुजीका रायलका अधिकारीकार्कि वुढाथापा रोकाया देउली समैप्रति जुजी पाषाको आलो १ कुलोउंधो षालावडो चौथाइ सेकुषालाको चांङ्गपाउदाको छपेरिउताको गडोपारी जेजीको तिनरी उताकाटियो भुवाको अधाला ३ मकरावलिका आदेस १ सैलागाउको अंडo्स १ लिस्तडाको घरतलीको घालीसमै एकत्र: घालि आला ३ तिलकुशसहित संकल्प घालि: सर्वंकुरअकर सर्वदोष विसुद्ध सर्ववाधा विनिरमुक्तन्तुसिंमुाय सन्तति शुद्धदेहिदोह्लीशासन: तामापत्रकरि अजुजोइसि फसु जोइसि देवदास जोइसी पसाकी अक्र्यांछु: येस्तामापत्रकी विधिकरिमात्र सेवाफाराडंडकुड मडअपुतालि पेटाली चोरिजाहि ज्यापैतो पाषोकर कुत् जिकुडियो वेठोवाउलो पिठायो पोतलो आकासको ढिडो पातालकि निध सामापाति छचिसैकर अकर दशदोष समै छाडि अक्र्या छ कोहि लैजान नपावस तामापत्रदेषि तकि घाति जोहाल घाल घलावा फलानाकि कैसविंति वोलकरका वात सैकियेकै: अपुत्रीहत्यो नर्गपरौस जो येस धर्म राषौस उन्किप्रतिपालना: गरौस सोपराहे पावस जो नगर सो पन्चमहापातक लागौस येस तामापत्रकि माषा श्रीशक्तिव्रह्मकि साकाप्रसाकरि: अजुजोइसि फसुजोइसि देवदाश जोइसिको माइ भतिजो चेलिको चेलो आदि मुंच: जुजियेघर आलामाफघालि सकियंछु: अत्रसाक्षिण: सुर्जेचुन्द्र कालुजोइसि कित्थुभाट धेनुथापा रूदुपयेर मक्त जोइसि लिषितम् शकजोइसि

क त्वा
ण मल्ल

नं.७

यो ताम्रपत्र पनि वफांग भातेखोलाका मदनराज जोशीको घरमा छ । यो आकारमा केहीसानो र अक्षर अलि अस्पष्ट हुंदा कहिं कहिं पंक्ति खाली पर्न गएका छन्. जसको लागि पाठक समक्ष क्षमा चाहन्छु । यसको लम्बाई १० इन्च र चौडाई ७ इन्च छ । केही गह्रौं र बाक्लो यसको तौल छ । अक्षर खिरिला र पातला छन् ।

पाठ

१. ॐ स्वस्ति श्री शाके १४२० वैशाषमाष कृष्णपक्ष त्रय...
२. ... थौ गुरूवासरे श्रीराजाधिराज भावसिंह
३. ... ज्वार चिरंजयतु रज्वार पायक भुमिपसामइसंकल्
४. प गरि तिलकुशसहित जसुजोइसिले पाइ भुमि
५. कपरि निग्रहा आला जाडमात्रको गघालो सगतिसिंग एजतोजगा दिनु
६. माचकोटको चरू थाकराठागावको चरू थाकुरवाघरको हुंदा चरू थाक
७. रज्वारको दिनु शगतिसिंग सुजानसिंगकिभाषा भावसिंग रज्वारले
८. मयाचितयो जसजोइसिले पाइ सर्वकर अकर सर्व दोष
९. शुद्ध अत्र साक्षि पोयातोलकि निधनीच्छ अपुताली नाठ पैठ कप्या गुप्या... ... ...
१०. ... ... क कोहि दिनु ... ... ...

नं. ८

यो ताम्रपत्र वफांग भातेखालाका मदनराज जोशी कहां छ । यसका अक्षरहरू स्पष्ट छैनन् । यो शाके १३४० (वि.सं.१४७५) को अभिलेख हो । यसको अन्त दायां तर्फ को आकारको छाप छ । यो १० इन्च लामो र ६ इन्च चाक्लो छ । आकार पनि सानो अक्षर पनि साना हुनाले पढन कठिन पर्दछ ।

पाठ

१. ॐ स्वस्ति श्री शाके १३४० संवत्सर १४७५ चैत्र माषे शुक्लपक्षे त्रयोदस्यां तिथौ रवि-
वासरे
२. सिरवम्म राउलो मल्लैवम्म राउलो संग्रावम्म राउलो वचसुनीका
३. अधिकारि कार्कि वुढाथापा पयाषहमह (?) ताराकेगा
४. रनाडे वुढा समैप्रति सुरैको नाति सिरवम्मका मल्लै वम्मका संग्रावम्मका पावगारेवाक
५. पाववाह्नका पोटला सछैजोइसिका गोत्रइ सो जवार सिंजा सुद्धको नातिपनाति र शुवम्मको

६. पुरायाजोहो सोकर महापाताक पाइ अत्रसाचि त्रयसये


७. मुलोक्का साचि जाडुरावल गतवाषडकागाह सिल्जोइसि

८. लेष्कसाचि रासजोइसि स्वदत्तं परदत्तंवा यो हरेति वसुंधरा

९. षाष्टिवर्षसुहश्राणि विष्टायाम् जायते कृमि मेल्चलति कल्पान्तं मर्यादा

१०. सागरोगति प्रतिरदाहल्दोरत्न विचलन्तां कदाचन शुभमस्तु

११. वेजातिया व्राह्मणाको पनदो धनवनाहा




नं. ९

यो ताम्रपत्रलाई मैले खास ताम्रपत्रको रूपमा सारेको होइन । हरिताल घसेको कागज मरखर वनाइएको मसीले पुरानै ढांचामा लेखिएको कागज छ; जसवाट मैले यो सारें । यो हाल वफांग तल्कोटका जंगवहादुर सिंहसंग छ । मैले यसको सक्ल वारे सोधें; नहाँले छैनमात्र भन्नु-भयो । हुन सक्छ यो हस्तान्तरण भइसकेको छ । यो शाके १६२३ को ताम्रपत्र हो । यो ताम्र-पत्र वाचापत्र जस्तो वुफिन्छ ।

पाठ

१. ॐ स्वस्ति ।। श्री शाके १६२३ जेष्टमाषे २ भृगुवासरे स्वाति नक्षत्रे १५ त्रयोदस्याम् ति

२. थो १३ श्री राजाधिराज भोपतिसिंहपादा चिरंजयतु: माधुसिंहपादा चिरंजयतु: भोपतिसिंह

३. रज्वारले माधुसिंह गोरायि जिउले भयाचितयो सिगातु धराला विक्रम धरालाले देउभेटी

४. मड अपुताली भेटी पायो ।। सर्वकरअकार गरिपायो छ: ठाकुरल भयाचितयो छ: यै वाचा

५. भित्रा धनदैलो भग्त नैन घात्याकी घात सुनैन घात्याकि घात सुन्या राजाको धर्मवादी

६. जाला: विक्रम धरालाका नातिपुतले ठाकुर छोडैन॥ मेदिनीसिंहका नातिपुतले धर्मराष

७. नु: नानादोष नअणु ठुलादोष नमानुं राइसासनि मुल्यछोटो भयाका दिन ठाकुरका नाति

८. पुतले पालिषानु: येसो सागभाग छ अत्र साचि सूर्यचन्द्र साचि: पौनपानि भुमंडलका सा

९. चि: हिटपुरनसिंह: जतुथापा: मानिकु जोइसि वेत् कालि साचि: गणातउला समद्रजोइसि साचि:

१०. संग्रामथापा: सगुसिंह साचि: लिषितसाचि अपरि वाडल: उग्रोडो ध्वांड्य सुनार सांचि।।

११. स्वदत्तं परदत्तंवा जे नहांति वसुंधरा: षाष्टिवर्षसुहश्राणि विष्टायां जायते कृमि ।। सत्यराम ।।

१२. राम ।। ।। राम ।। ।। शुभम् ।। ।।

नं.१०

यो ताम्रपत्रको नक्ल मैले वफांग चैनपुरका निवासी हाल सत्यवादी मा.वि.का प्र.अ. गगनजङ्ग वहादुर सिंहवाट पाएको हुं । यसको सक्ल मौलाली वफांगवाट स्व० चन्द्रजंगले चैनपुरमा ल्याएका थिए।तर पछि निजको निधन भएकोले यो पनि योगिज्यूकै हात प-यो भनी प्र.अ. ले भने । योगिज्यूले फेलापरेका अधिकांश सामग्रीहरू लगेछन् । तर नक्लमा होसियारीपूर्वक सारिएको मैले पाएकोले यहां प्रस्तुत गरेको छु ।

पाठ

१. ॐ स्वस्ति ।। श्री शाके १६६१ श्रीसंवत् १८२६
२. कार्तिकमासे कृष्णापक्षेपन्चमस्यांतिथौ शुक्रवास्यरे
३. पूर्वषाढा नक्षत्रे श्रीराजाधीराज मरवन्जवयर
४. धार्मिकदेव द्विजगुरू भक्तक समुद्रसिंह
५. पादा चिरंजयतु गोसायिजिउ रघुनाथपादा... सिंहपादा
६. चिरंजयतु मग्ल्याको आलो माथि षेतको
७. रूम्टो दशनालिषेत ठाकुरले मयाचितयो
८. मौमल वुढाथापा काजिले मांजले मयेपात नालि
९. सितौं पाचमाना नत्वाकि अत्रसाचि
१०. चन्द्रसुर्जे भुमंडलका साचि गर्वु जाइसि
११. साचि यांलादेव जोगि कडाइत साचि रा
१२. उल्या मंडारि साचि प्रभन्या थापो साचि ...
१३. मे थापो साचि दुपदेव पंडित साचि... ... चुला
१४. धाइ साचि हित्या सउला वि... टा... ज
१५. उपाध्या जिउवुढोथापो सवल भ्फोड... दे
१६. षाननाइमल जोइसि साचि उषो दोषो जित्या
१७. नुत्स्या साचि लिखित विजित्रसिंह साचि सुभम्.

नं. ११

यो ताम्रपत्र जस्तो व्यहोरा भएको कागजको नक्ल मैले वफांग चैनपुरमा पाएको हुं । यसको सक्लसार्ने व्यक्तिवाट यो सारिएको हो र हाल यसको सक्लको केही खवर छैन । मलाई यो नक्ल दिने उदारता प्र.अ.गगनजंगवहादुर सिंहले देखाएका हुन् । यो शाके १४८४ को हो, यसको व्यहोरावाट यसलाई ताम्रपत्र भन्न सकिन्छ ।

पाठ

१. ॐ स्वस्ति श्री शाके १४८४ ज्येष्टमाषो कृष्णापदो पञ्चम्यां तिथौ शनिवासरे ।।
२. भिटाकारापाउभो वगुवारामेत सिमेल षडका परिवार सभैले मयाचित्यो ।।
३. संकल्पगरि मयाचिति वाजगासवुलाई मयाचितयो गर्वु जोइसिले पाइ अत्र साचि
४. सुर्यचन्द्रसाचि अचितुषडका साचि रतुषडका साचि लिषितसाचि मुसुजोइसि
५. भागदत्त जोइसि सुभम् ।। स्वदत्तं परदत्तं वा य हरंति वसुधरां षाष्टिवर्षास्
६. हस्राणि विष्टायां जायते कृमि ।। शुभमस्तु ।।

## नं. १२

यो पत्र मैले वफांग मेलविसौना तल्कोटका जडा वहादुरसिंहका घरमा देखेको हुं । यो पत्र नेपाली कागजमा (हरिताल लगाई) सुरक्षित र नयां जस्तै छ । यसको भाषामा वढता जुम्लाको प्रतिनिधित्व गरेको पाइन्छ । अक्षर लेखिए तर्फ यस पत्रलाई हरिताल लगाई राखिएको हुनाले भरखरै लेखेको जस्तो पनि भान पर्दछ । तर यस्तो चिठी आजकल चीनवाट लेखिन असंभवछ । राजाचक्रसुदर्शनशाहको सक्कली छापलेनै यो पत्र पुरानो भएको ठहर्छ । छाप रातो हुनाले लालमोहर भन्न सकिने जस्तो भएपनि यो लालमोहर नभएर केवल चिठीमात्र हो भन्ने थाहा पाइन्छ ।

पाठ

श्री वद्रिनाथोजयति

श्रीमुक्तिनाथ सहाय

श्री परमेश्वर:

(छाप)

१. ॐ स्वस्ति श्री महाराजधिराज चक्रसुदर्शन् शाहज्यू... राइस ------ -----
२. महेश्वरसिंह... ... हाम्रो भलासुकालि यो छ संमाचार
३. कि कृपाले भलो छ: ताहांका संमाचार
४. भला चाइन्: विशेषराजा राइभां भंडारि साग्रूराजा
५. पुग्या समाचार पाञू: सुन्तोक मान्यु: हुम्लिका अर्थ
६. सुन: हाम्रो वचन मानौ: आफ्नु स्रद्धा राखौ: वोल
७. विंति गरौ: भन्या होलि: असौजका दिन आपुर्जीय

८. छेत्रपुर तिमीले पुगनु चाइंदो छ: ज्यामथ्साविस

९. गर्नुहोला यांहं वसिहोला:

१०. शुभमस्तु: ------------ ------------- --------------

मूलको टिप्पणी


१. डा. तुलसी राम वैद्य, 'भ्वायस अफ हिस्ट्री खण्ड ।।।' जाजरकोटको राजा हरिशाह, त्रि.वि.वि. इतिहास विभाग, काठमाण्डूं, २०३४ ।

२. देवकान्त पन्त, डोटेली लोक साहित्य एक अध्ययन, नेपाल एशियाली अध्ययन संस्थान, कीर्तिपुर, २०३२ ।

३. धनवज्र वज्राचार्य, 'कर्णाली प्रदेश एक विटो अध्ययन,' कर्नाली प्रदेशको ऐतिहासिक रूपरेखा, काठमाण्डू, २०२८ ।

४. धनवज्र वज्राचार्य, टेकवहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रूपरेखा, नेपाल र एशियाली अध्ययन संस्थान, कीर्तिपुर, काठमाण्डू, २०३२ ।

५. नरहरिनाथ योगी, इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १, वाराणसी, २०२२ ।

६. डा. प्रयागराज शर्मा, प्रिलिमिनरी स्टडीज अफ् द आर्ट याण्ड आर्किटेक्चर अफ् द कर्नाली वेसिन्, वेष्ट नेपाल, सि.एन.आर.एस्. पेरिस, १९७२ (ई) ।

७. मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, काठमाण्डू, २०३० ।

८. सत्यमोहन जोशी, कर्णाली लोक संस्कृति खण्ड १ इतिहास, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डू, २०२८ ।